मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218



नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ३ • अंक ३०६ • २०८२ साल असोज २१ गते मंगलबार • Tuesday 07, October 2025 • सूर्योदय: बिहान ५:५९ बजे • सूर्यास्त: साँझ ५:४७ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-


## भैरहवाबाट एक सय ५७ जनाको हवाई उद्धार

**रुपन्देही ।**
अविरल वर्षाका कारण भैरहवामा अलपत्र यात्रुहरूको हवाई उद्धार उडान गरिएको छ । नेपाल वायुसेवा निगमको ए ३२० विमान ७६ जना यात्रुसहित दिउँसो ३:४३ बजे भैरहवा अवतरण भएको थियो । भैरहवाबाट भने विमानले ५:४० बजे एक सय ५७ जना यात्रु बोकेर काठमाडौँ फर्किएको गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलका सूचना अधिकारी विनोदसिंह राउतले जानकारी दिए ।
उद्धार उडानमा अशक्त, वृद्धवृद्धा, बिरामी तथा अत्यावश्यक यात्रुलाई प्राथमिकता दिइएको उनले बताए ।रासस

# हिन्दू–मुस्लिम समुदायबीच सहमति



धनुषाको जनकपुरधाम उपमहानगरपालिका–२० रुपैठामा रहेको मुख्य विवादको जड तेलिया पोखरीमा आइन्दा जनकपुर उपमहानगरपालिकाको स्वामित्व रहनेछ । पोखरीको सम्पूर्ण रेखदेख जनकपुरधाम उपमहानगरपालिकाले गर्ने छ र पोखरीमा कुनै समुदायले कुनै पनि संरचना निर्माण गर्न पाउने छैन बरु जनकपुरधाम उपमहानगरपालिकाले नै अब पोखरीको सौन्दर्यकरण गर्नेछ ।
**– मनोजकुमार साह**
मेयर, जनकपुरधाम उपमहानगरपालिका



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विगत केही दिनदेखि धनुषाको जनकपुरधाम उपमहानगरपालिका–२० रुपैठामा भइरहेको हिन्दू र मुस्लिम समुदायबीचको विवादमा सर्वपक्षीय बैठकमार्फत समाधानको पहल भएको छ । दुवै समुदायबीच भाइचारा र भ्रातृत्व कायम गराउन विभिन्न निर्णय पनि गरिएका छन् । सोमबार जनकपुरधामस्थित अधिकृत संगमको सभा हलमा बसेको सर्वपक्षीय बैठकले रुपैठामा भइरहेको हिन्दू र मुस्लिम समुदायबीचको विवाद सामाधानका लागि विभिन्न निर्णय गरेको हो ।
बैठकपश्चात सञ्चारकर्मीसँग कुराकानी गर्दै जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले रुपैठामा रहेको मुख्य विवादको जड तेलिया पोखरीमा उपमहानगरपालिकाको मात्र अधिकार रहने बताए । मेयर साहले तेलिया पोखरी नेपाल सरकारको सम्पत्ति रहेको र यसको सम्पूर्ण रेखदेख अब जनकपुरधाम उपमहानगरपालिकाको स्वामित्वमा रहने बताए । उनले विवादित पोखरीमा कुनै समुदायले कुनै किसिमको संरचना निर्माण गर्न नपाउने जानकारी दिए । मेयर साहले पोखरीलाई जनकपुरधाम उपमहानगरपालिकाले सौन्दर्यकरण गर्ने बताए ।
बैठकले रुपेठामा भएको हिन्दू र मुस्लिम समुदायबीचको विवादमा ढुंगामुढा गर्ने, घर जलाउने, सिसाको बोतल फाल्नेलगायतमा संलग्न सबैलाई पक्राउ गरी कानूनबमोजिम सजाय दिइने निर्णय गरेको छ ।
दुर्गाको प्रतिमा बिसर्जन गर्ने क्रममा हिन्दू र मुस्लिम पक्षबीच विवाद भई झडपको स्थिति सिर्जना भई सामाजिक सद्भावमा खलल पुग्नेगरी गतिविधि भएकाले यो घटनालाई मध्यनजर गर्दै यसअघि २०८२ भदौ १६ गते र २०७८ कात्तिक २९ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा भएको तेलिया पोखरीको विवाद व्यवस्थापनसम्बन्धी बैठकमा भएको निर्णय सबै पक्षले पूर्णरुपमा कार्यान्वयन गर्ने निर्णय भएको छ ।
जनकपुरधाम–२० क्षेत्रमा सद्भाव कायम राख्न सम्पूर्ण धर्म समुदाय, राजनीतिक पार्टीले आआफ्नो तर्फबाट प्रयास गर्दै कुनै पनि पक्ष वा व्यक्तिले धार्मिक, सामाजिक सदभावमा खलल पुग्ने कुनै पनि गतिविधि नगर्ने नगराउने, शुक्रबार र आइतबार धर्मको नाममा भएका गैरकानूनी, अराजक घटनामा संलग्न भएका व्यक्तिको पहिचान गरी प्रचलित कानूनबमोजिम कारबाही गर्न सहयोग गर्ने निर्णय भएको हो ।
त्यसैगरी, हिन्दू सम्राट सेनाले गरेको पत्रकार सम्मेलनमा राजेश सनातनीले पोखरी विवादको निहुँ बनाएर हिन्दूहरुमाथि दमन गर्न खोजिएको आरोप लगाए ।

## बाढीपहिरो पीडितलाई राहत र क्षतिपूर्ति दिन सरकारको ध्यानाकर्षण




**मधेशदृष्टि**
**कलैया ।**
आम जनता पार्टी (आजपा) का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले अविरल वर्षाका कारण बाढीपहिरो, डुबान र कटानबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै क्षतिग्रस्त संरचना तुरुन्त निर्माण गर्न तथा पीडितलाई आवश्यक राहत एवम् क्षतिपूर्ति व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । बाराको विश्रामपुर गाउँपालिकाको बरैनियामा सोमबार भएको भेटघाट तथा अन्तरक्रियामा सहभागी भएका अध्यक्ष साहले बाढीपहिरोबाट ज्यान गुमाएका मृतकप्रति श्रद्धाञ्जली, बेपत्ताको खोजी कार्य तिब्र, घाइतेको शिघ्र स्वास्थ्य लाभको कामनासहित सडकलगायतका भौतिक पूर्वाधारको पुनर्निर्माणमा सरकारले ढिलाइ नगरी तथा पीडितलाई तुरुन्त राहत दिनुपर्ने माग गरे । 'देशैभर बाढीपहिरो, डुबान, एवम् नदीको कटानले नेपाली पीडित भएका छन्, गौर अहिले पनि डुबानमा छ, जनता घरबारविहीन भएका छन्, कतिले ज्यान गुमाउनु परेको छ भने कति त बेपत्ता भएका छन्, यस्तो अवस्थामा ढिलाइ नगरी सरकारले तत्काल राहत, पुनर्निर्माण एवम् क्षतिपूर्ति दिनुपर्छ,' साहले भने, 'बाढीपहिरोले पहाडदेखि तराईमधेशका नागरिक पीडित एवम् दुःखित भएकाले सरकारले उनीहरुलाई राहत, पुनर्बासका साथै क्षति भएका संरचनाको पुनर्निर्माण गर्न आवश्यक छ ।'
तराई मधेशका जनता बाढी, डुबान एवम् नदीको कटानले पीडित भएको बताउँदै उनले बाली भित्र्याउने बेला किसानले ठूलो क्षति व्यहोर्नुपरेकाले किसानलाई राहत एवम् क्षतिपूर्ति दिनुपर्ने माग गरे ।

## मनसुनी विपद्: ६० को मृत्यु, ६ बेपत्ता, २८ घाइते

**काठमाडौँ ।**
असोज १७ गते शुक्रबार रातिदेखिको वर्षाले देशभर ६० जनाको निधन भएको सशस्त्र प्रहरी बलले जनाएको छ । निधन हुनेमा पुरुष १९, महिला २६ र नाबालक १५ रहेको सशस्त्र प्रहरी बलका सहप्रवक्ता प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिए । इलाममा मात्र पुरुष १३, महिला १४ र नाबालक १० गरी ३७ जनाको निधन भएको उनले बताए ।
यसैगरी पाँचथरमा पुरुष तीन, महिला चार र नाबालक एक गरी आठ जनाको निधन भएको छ । उदयपुरमा महिला दुई र नाबालक एक गरी तीन, खोटाङमा पुरुष दुई र सुनसरीमा एक जना पुरुषको निधन भएको छ । रौतहटमा एक महिला र दुई नाबालक गरी तीन जना, मोरङ, सिन्धुली र महोत्तरीमा एक–एक जना महिलाको निधन भएको छ । यस्तै, सिन्धुपाल्चोकमा एक नाबालकको ज्यान गएको छ भने काभ्रेपाञ्चोकमा दुई महिलाको शव भेटिएको सशस्त्र प्रहरी बलले जनाएको छ । यस्तै, हालसम्म छ जना बेपत्ता भएका छन् । बेपत्ता हुनेमा बाढीमा परेर रसुवामा चार र इलाममा एक तथा पहिरोमा परेर इलाममा एक जना रहेका छन् ।
विपदजन्य घटनामा हालसम्म २८ जना घाइते भएका छन् । घाइते हुनेमा पहिरोमा परेर इलाममा १०, पाँचथरमा दुई, ललितपुरमा दुई, भोजपुरमा तीन, खोटाङमा तीन, उदयपुर, मकवानपुर, ताप्लेजुङ, धनकुटा र बारामा एक–एक जना छन् । यस्तै, अविरल वर्षाका कारण घाइते हुनेमा धनकुटा र बारामा एक–एक तथा बाढीबाट खोटाङमा एक जना घाइते भएका छन् । प्राप्त विवरणअनुसार हालसम्म १८ जनालाई हेलिकप्टरबाट उद्धार गरिएको छ ।

# स्थायित्वका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी आवश्यक




**मधेशदृष्टि**
**सिरहा ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले मुलुकमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखका पक्षमा धारणा सार्वजनिक गरेका छन् । उनले देशको समृद्धि, जनआकांक्षा सम्बोधन र राजनीतिक स्थायित्वका लागि सङ्घीय लोकतान्त्रिक गणतन्त्रको पुनःसंरचना नै आवश्यक भएको बताए ।
लहानमा जसपा जिल्ला समितिद्वारा आयोजित पार्टी प्रवेश तथा शुभकामना आदानप्रदान कार्यक्रममा उनले प्रत्यक्ष निर्वाचित कार्यकारी व्यवस्था र पूर्ण समानुपातिक निर्वाचन प्रणाली अपरिहार्य भएको बताए । वर्तमान प्रणालीले भ्रष्टाचारलाई मलजल गरेकाले यसको पुनःसंरचनाको विकल्प नरहेको उनको तर्क थियो ।
यादवले भने, 'हाल चुनाव जित्न करोडौँ खर्च गर्नुपर्ने बाध्यता छ । यस्तो प्रणालीमा निर्वाचित हुने प्रतिनिधिहरू जनताको सेवा होइन, भ्रष्टाचार गरेर लगानी असुल गर्न थाल्छन् । त्यसैले भ्रष्टाचारको मूल नास गर्न निर्वाचन प्रणाली परिवर्तन गरेर पूर्ण समानुपातिक बनाउनु आवश्यक छ ।'
पछिल्लो १० वर्षमा ११ पटक सरकार परिवर्तन हुनु संसदीय व्यवस्थाको अस्थिरता र असफलताको प्रमाण भएको बताउँदै उनले यस्तो व्यवस्थाले नीति निर्माणमा स्थायित्व दिन नसक्नुका साथै जनताको विश्वास पनि जित्न नसक्ने दाबी गरे । अध्यक्ष यादवले संसद्ले कानून मात्रै बनाउने र प्रत्यक्ष निर्वाचित राष्ट्रपतिलाई कार्यकारिणी प्रमुख बनाउने प्रणालीले मात्र स्थायित्व र जवाफदेहिता आउन सक्ने धारणा राखे ।
उनले जनसंख्याको आधारमा प्रतिनिधिसभा र राष्ट्रियसभामा प्रतिनिधित्व हुनुपर्ने माग गर्दै वर्तमान प्रतिनिधित्व प्रणालीले विशेष वर्ग र शक्तिशाली दलहरूलाई मात्र लाभ पु¥याएको आरोप लगाए । 'जेन्जी' का आवाज सम्बोधनका लागि संविधान पुनर्लेखन गर्न आवश्यक रहेको पनि उनको जोड थियो ।

• **संगठनमा युवा पुस्ता**

जनता समाजवादी पार्टी (जसपा) नेपालले पार्टीको नीति, कार्यक्रम, विचार, सिद्धान्त र संगठनमा युवा पुस्तालाई आबद्धता गर्ने भएको छ । पार्टीले विशेष कार्यक्रम र कार्यनीति तय गर्दै युवा पुस्तालाई आवद्ध गर्ने कार्यलाई कार्यान्वयन गर्न मातहत पार्टी समितिलाई परिपत्र जारी गरेको छ ।
जसपा नेपालले भनेको छ, 'जेन्जी पुस्ताले आन्दोलनका दौरान उठाएका माग र मुद्दा जसपा नेपालले पहिलादेखि नै उठाउँदै आएको धेरैजसो माग र मुद्दासँग मिल्दोजुल्दो नै छ । युवा पुस्ताहरुसँग सहकार्य गर्दै, उनीहरुलाई प्रोत्साहन र समावेशीकरण गर्दै अगाडि बढ्ने पार्टीको नीति रहेको छ ।'
युवा नेतृत्व वर्गलाई राजनीतिक रुपले प्रशिक्षित, सिर्जनात्मक र चेतनशील बनाई संगठित गरी नेतृत्वदायी भूमिका खेल्न सहयोग र प्रोत्साहन गर्नुपर्ने पार्टीको निष्कर्ष छ ।

## नुहाउने क्रममा बगेर २ बालिका बेपत्ता



**मधेशदृष्टि**
**रौतहट ।**
खेतमा बग्ने भंगालोको पानीमा बगेर दुई बालिका बेपत्ता भएका छन् ।
देवाही गोनाही नगरपालिका ६ कर्कच टोलका रामदयाल रामकी छोरी १२ वर्षीया आरती कुमारी र शिवधारी रामको छोरी वर्ष ११ की अन्तिमा कुमारी बेपत्ता भएका हुन् ।
रौतहटका प्रहरी प्रवक्ता डिएसपी राजु कार्कीका अनुसार सोमबार दिउँसो सवा २ बजे कर्कच टोलस्थित खेतको पानी बग्ने ठाउँ (भंगालो) नुहाउने क्रममा दुवै बालिका बेपत्ता भएकी हुन् । घटनास्थलमा ६ जनाको प्रहरी टोली खटेर खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# सबै तहमा भय र अनिश्चितता सिर्जनाः बर्तौला

**काठमाडौँ ।**
नेकपा (एमाले) का युवा नेता महेश बर्तौलाले देशमा अहिले सबै तहमा भय र अनिश्चितताको वातावरण सिर्जना भएको बताएका छन् । उनले नागरिकदेखि राज्यका जिम्मेवार कर्मचारीसम्म त्रास र असुरक्षाको भावना बढ्दो क्रममा रहेको बताए ।

एक कार्यक्रममा बोल्दै बर्तौलाले भने, 'राज्यका विभिन्न अंगमा कार्यरत कर्मचारी, राजनीतिक अभियन्ता र सामान्य नागरिकहरू पनि अहिले भय र त्रासमा बाँचिरहेका छन् । सत्यका पक्षमा बोल्नेलाई डराउने वातावरण बनाइएको छ, जुन लोकतन्त्रका लागि अत्यन्त चिन्ताजनक हो ।'

उनका अनुसार सरकारको चरित्र र कार्यशैलीले नागरिकमा भरोसा घटाएको छ। बर्तौलाले भने, 'राजनीतिक कार्यकर्ता, शुभचिन्तक वा नेता— जसले पनि स्वतन्त्र रूपमा सत्यको वकालत गर्न खोज्छ, ऊ पनि आज डर महशुस गर्छ । यस्तो अवस्था लोकतान्त्रिक मूल्य र विधिको शासनका लागि खतरनाक संकेत हो ।'

एमाले नेता बर्तौलाले दण्डहीनता नियन्त्रण गर्न र विधिको शासन स्थापना गर्न सरकार गम्भीर हुनुपर्नेमा जोड दिए । उनले राज्यका अंगहरूले परिभाषित जिम्मेवारीअनुसार स्वतन्त्र, निष्पक्ष र सहज रूपमा काम गर्न पाउने वातावरण निर्माण गर्न सरकारलाई आग्रह गरे । उनले पछिल्ला घटनामा अनाधिकृत व्यक्तिहरूले राज्य संयन्त्रमा प्रवेश गरेर निर्देशन दिने प्रवृत्ति बढेको भन्दै चेतावनी दिएका छन् । 'सुधन गुरुङ जस्ता केही व्यक्तिहरूले एनजीओको नाममा सरकारी संयन्त्रमा हस्तक्षेप गर्न थालेका छन्, जसले लोकतान्त्रिक शासन प्रणालीको मर्यादा तोड्ने काम गरेको छ,' उनले भने ।

बर्तौलाले संविधानको सम्मान र स्थायित्वको रक्षा सबैको जिम्मेवारी रहेको बताउँदै भने,'६०–७० वर्षको संघर्ष र बलिदानीबाट बनेको संविधानलाई जोगाउने कि च्यात्ने भन्ने द्विविधा सिर्जना हुनु नै दुर्भाग्यपूर्ण हो ।'

उनले नेतृत्व तहमा देखिएको अनुशासनहीनता र अस्पष्ट निर्णयले देशलाई दिशाहीनतिर लैजाने चेतावनी पनि दिए । 'राज्यका निकायहरूमा कसलाई जिम्मेवारी दिने भन्नेमा स्पष्टता नभएकाले प्रशासनिक संयन्त्र कमजोर बन्दै गएको छ,' उनले भने ।

अन्त्यमा, बर्तौलाले भयरहित, निष्पक्ष र स्वतन्त्र प्रशासनिक वातावरण सुनिश्चित गर्न सरकारलाई तत्काल कदम चाल्न आग्रह गरे । साथै, देशलाई प्रतिशोध होइन, संवाद र सहिष्णुताको संस्कृतिद्वारा अघि बढाउनुपर्ने उनको जोड थियो ।

# जेन्जी मुभमेन्ट अलायन्सद्वारा अख्तियार प्रमुखको राजीनामा माग

**काठमाडौँ ।**
जेन्जी मुभमेन्ट अलायन्स, विभिन्न पुस्ताका युवाहरूको संयुक्त समूहले अख्तियार दुरुपयोग अनुसन्धान आयोग (सीआईएए) का प्रमुख आयुक्त प्रेमकुमार राईसहित सबै आयुक्तहरूलाई तत्काल स्वेच्छिक राजीनामा दिन माग गरेको छ । समूहले राजीनामा नआए भोलि बिहान १० बजे आयोगको कार्यालयमा औपचारिक निवेदन दर्ता गरेर थप आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने चेतावनी दिएको छ ।

अलायन्सले जारी गरेको विज्ञप्तिमा भनिएको छ — 'अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निष्पक्ष र जनउत्तरदायी बनाउन वर्तमान नेतृत्वले पदत्याग गर्नुपर्छ । राज्यको सबैभन्दा संवेदनशील निगरानी निकायमा विवादित रूपमा नियुक्त व्यक्तिहरूले रहिरहँदा आयोगको विश्वसनीयता गम्भीर रूपमा प्रभावित भएको छ ।' समूहले प्रमुख आयुक्त राई र अन्य आयुक्तहरूको नियुक्ति प्रक्रिया गैरलोकतान्त्रिक र मनपरी ढङ्गले भएको दाबी गरेको छ ।

उनीहरूले आरोप लगाएका छन् कि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारले संसदीय सुनुवाइ नै नगरी 'निरङ्कुश ढङ्गले' नियुक्ति गरेको थियो । यसरी गरिएको नियुक्तिले संविधान र सुशासनका आधारभूत सिद्धान्तहरूको उल्लङ्घन गरेको समूहको भनाइ छ ।

जेन्जी मुभमेन्ट अलायन्सले वर्तमान अन्तरिम सरकारलाई पनि सम्बोधन गर्दै भनेको छ, 'अख्तियारलाई जनविश्वासको संस्थामा रूपान्तरण गर्न अब राजनीतिक भागबन्डा होइन, खुला प्रतिस्पर्धात्मक आवेदन प्रक्रियामार्फत योग्यता र क्षमता भएका नागरिकहरूलाई नियुक्त गर्नुपर्छ ।'

अलायन्सका प्रतिनिधिहरूका अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विगत केही वर्षयता निष्पक्ष अनुसन्धान र प्रभावकारी कारबाही गर्न नसकेको जनगुनासो बढेको छ। उनीहरूले भनिरहेका छन् — 'जब निगरानी संस्था नै शंकाको घेरामा पर्छ, तब भ्रष्टाचारविरुद्धको अभियान कमजोर हुन्छ र राज्यप्रति जनताको भरोसा घट्छ ।'

समूहले आगामी दिनमा देशभर 'निष्पक्ष अख्तियार, पारदर्शी शासन' नामक अभियान सञ्चालन गर्ने घोषणा गरेको छ । आन्दोलनको पहिलो चरणमा राजधानीका प्रमुख सरकारी कार्यालयहरूमा हस्ताक्षर अभियान, जनसम्पर्क र प्रतीकात्मक प्रदर्शन गरिने बताइएको छ ।

अन्त्यमा अलायन्सले सरकार र सम्बन्धित निकायलाई चेतावनी दिंदै भनेको छ, 'यदि अख्तियारको नेतृत्वमा नैतिक जिम्मेवारी बोध हुन सकेन भने नागरिक आन्दोलनबाट परिवर्तनका लागि दबाब अझ कडा बनाइनेछ ।

# कोतघरमा सरायको रौनक

**गुल्मी ।**
दशैँ सकिएलगत्तै गुल्मीका कोतघरमा सरायको रौनक देखिएको छ । नेपालका पश्चिमी जिल्लामा सराय नाच्ने गरिन्छ । एकादशीदेखि कोजाग्रत पूर्णिमासम्म नाचिने सरायमा खुडा, भाला, तरवार, खुकुरी जस्ता युद्धमा प्रयोग हुने हतियार प्रदर्शन गरी 'वाख्वै वा' शब्द उच्चारण गरी गरिन्छ ।

गुल्मी, अर्घाखाँची, प्यूठान लगायतका जिल्लामा एकादशी, द्वाद्वसी, त्रायोदशी र पूर्णिमाको दिन फरक–फरक ठाउँमा सराय नाच्ने गरिन्छ । गुल्मीको इस्मा मैदान, धुर्कोट कालिका मन्दिर, वाग्ला कोत, राङदलचौर, कुमारीदेवी मन्दिरलगायतका स्थानमा सराय नाचिएको छ । पूर्णिमाको दिन धुर्कोट कोत, अर्जै, मुसिकोटलगायतका स्थानमा सराय नाचिन्छ । सरायमा बालबालिका, युवा, महिलाका साथै वृद्धवृद्धासमेत नाच्ने गरेको इस्मा कोटका पुजारी गोविन्द अर्यालले बताए ।

रङ्गीचङ्गी ध्वजापतकाले सिङ्गारिएको आलमलाई भगवान्को प्रतीकको रूपमा लिइन्छ । लाइनमा रहेका सयौँ भक्तजन एक समूहले अर्को समूहलाई आक्रमण गरे जस्तो देखिने सराय नाँच रमाइलो संस्कृतिका रूपमा लिइन्छ ।

राक्षससँगको लडाइँमा सत्यको विजयपछि सत्यका पुजारीले विजयोत्सव स्वरूप कोत र दुर्गा भगवती तथा कालिका मन्दिरमा हतियार नचाएर सराय नाच्न थालिएको हो । यसरी नाच्दा देवी प्रसन्न हुने धार्मिक विश्वास गरिन्छ ।

वाग्लाको वाग्ला माध्यमिक विद्यालयको प्राङ्गणमा विसं २०१५ भन्दा अगाडिदेखि नै सराय नाच्न थालिएको स्थानीयसमेत रहेका पूर्ववडाध्यक्ष हिमप्रसाद पन्थीले बताए । 'तत्कालीन समयमा युद्धमा प्रयोग हुने हतियार प्रदर्शन गरेर सराय नाचिन्छ', पन्थीले भने, 'युवा सहभागिताले सरायमा उत्साह थपेको छ ।'

इस्माकोट मन्दिर व्यवस्थापन समितिका उपाध्यक्ष कृष्णप्रसाद रिजालले परापूर्वकालदेखि नै सराय नाचिएको बताए । 'सुरु भएको मिति त कसैलाई थाहा छैन, तर बाउ–बाजेका पालादेखि नै मैदानमा सराय नाचिएको छ', उनले भने । इस्मामा छापाली र इस्माली भेट भएपछि सरायको औपचारिक सुरुआत हुन्छ । बाइसेचौबिसे राज्य हुँदाताका भुरे राजाले आफ्नो कोतमा सराय नाच नचाउने गरेपछि नै सराय सुरु भएको बूढापाका बताउँछन् ।

घटस्थापनादेखि नौ दिनसम्म देवीको पुजा गर्दा महाकाली उत्पति भइन् । पछि महाकाली ठूली हुँदै गइन् र राक्षसलाई मारिन् । त्यसपछि रामचन्द्रले राउण्डेलाई मारे । नौ दिनसम्म पूजा गरी राक्षसलाई मारेको उत्सवस्वरूप दशैँको टीका लगाउने प्रचलन बस्यो । त्यसैगरी राउण्डेलाई मारेको उत्सवमा हजारौँ वर्षअघि द्वापरयुगमा सराय खोल्न थालिएको इतिहास छ ।

धुर्कोट गाउँपालिका अध्यक्ष भूपाल पोखरेलले आफुहरूले धुर्कोट कोतलगायतका मन्दिरमा संरचना थप गर्ने, मर्मत गर्ने लगायतका काम गरेर सराय नाचलाई व्यवस्थित गर्न लागिपरेको बताए ।

'बसाइँ सरेका नागरिक पनि दशैँमा घर आउने भएकाले सरायमा उल्लेख्य सहभागिता देखिन्छ', उनले भने, 'सराय खेल्न युवा पुस्तालाई उत्प्रेरित गरेका छौँ ।'

उनले प्रत्येक मन्दिरहरूमा सराय व्यवस्थित गर्नका लागि बजेटसमेत विनियोजन गरेको बताए ।

त्यस्तै इस्मा गाउँपालिकाका प्रमुख भगतसिंह खड्काले गाउँपालिका भित्रका विभिन्न कला संस्कृति र परम्परा जोगाउन आफुहरू योजनाबद्ध रूपमा लागेको बताए । उनले अहिले पञ्चेबाजा संरक्षण, मठ मन्दिरको संरक्षणलगायतका काम भइरहेकाले अब बिस्तारै ऐतिहासिक कला संस्कृतिको प्रचारप्रसार र जगेर्ना गर्नुपर्नेमा जोड दिए । त्यसैगरी एक करोड रुपैयाँ भन्दा बढीको लागतको इस्माकोटको मर्मत तथा पुनर्निर्माण गरिएको उनको भनाइ छ ।रासस

# निर्वाचन कार्यतालिकाः मङ्सिर १० गतेसम्म दल दर्ता

**काठमाडौँ ।**
निर्वाचन आयोगले फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको कार्यतालिका स्वीकृत गरेको छ । स्वीकृत कार्यतालिकाअनुसार मङ्सिर १ गतेदेखि १० गतेसम्म निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ताको कार्यक्रम तय गरिएको आयोगले जनाएको छ ।

आयोगका सहसचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईद्वारा सोमबार जारी प्रेस विज्ञप्तिमा पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि आगामी माघ २ गतेदेखि निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने जनाइएको छ । यस्तै, फागुन ३ देखि १८ गतेसम्म निर्वाचन प्रचारप्रसार हुने र तत्पश्चात् प्रचारप्रसार निषेधको अवधि रहने छ ।

फागुन २१ गते बिहान ७ बजेदेखि अपराह्न ५ बजेसम्म मतदान हुने र दुवै निर्वाचन प्रणालीतर्फको मतपेटिका सङ्कलन भएपछि मतगणना प्रारम्भ गरिने छ । समानुपातिक निर्वाचन प्रणालीका लागि मङ्सिर १५ गते निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने, पुस १८ र १९ गते बन्दसूची पेस गर्ने कार्यक्रम रहेको रहेको आयोगका विज्ञप्तिमा उल्लेख छ । निर्वाचनमा राजनीतिक दल एवम् सरोकार भएकाहरूसँगको समन्वय र सहकार्यका लागि स्वीकृत निर्वाचन कार्यतालिकाअनुसार आयोगले समय समयमा परामर्श तथा छलफल गर्ने जनाइएको छ ।

आयोगमा दर्ता कायम रहेका राजनीतिक दलले मात्र निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्न पाउने कानूनी व्यवस्था रहेको हुँदा निर्वाचनमा भाग लिन चाहने सरोकारवालाले आगामी कात्तिक ३० गतेभित्र राजनीतिक दल दर्ताको प्रमाणपत्र लिइसक्नु पर्ने आयोगले जनाएको छ ।

# ५,६९७ कैदीबन्दी कारागार फर्केनन्

**काठमाडौँ ।**
भदौ २३ र २४ गते देशभरी भएको जेन्जी आन्दोलनक्रममा विभिन्न कारागारबाट कैदीबन्दी भागेका छन् । सोमबार बेलुका ६ बजेसम्मको विवरण अनुसार देशभरका कारागारमा जम्मा कैदी ३० हजार ६ सय ४६ जना छन् ।

तीमध्ये २९ हजार २ सय २४ कारागारमा छन् भने १ हजार ४ सय २२ जना सुधारगृहका कैदी हुन् ।

यसमध्ये, जेन्जी आन्दोलनमा १४ हजार ५ सय ५६ जना कैदी भागेका थिए । कारागारबाट भागेका कैदी १३ हजार ५ सय ८९ जना छन् भने सुधारगृहबाट भागेका कैदी ९ सय ६४ जना छन् ।

नभागेका कैदी १५ हजार ५ सय २५ छन् भने त्यसमा कारागारका १५ हजार १ सय ६२ छन् भने सुधारगृहबाट ६ सय ६३ जना छन् । यसका साथै भागेकामध्ये ८ हजार ८ सय ५१ जना कैदी फिर्ता आएका छन् । त्यसमा कारागारका ८ हजार ५ सय १० छन् भने सुधारगृहका ३ सय ४१ छन् ।

आउन बाँकी कुल कैदी ५ हजार ६ सय ९७ जना छन् भने यसमा कारागार तर्फ ५ हजार ७९ जना छन् भने सुधारगृह तर्फ ६ सय १८ जना छन् । यसक्रममा १० कैदीको मृत्यु पनि भएको छ जसमध्ये ५ जना कारागारका ५ जना सुधारगृहका छन् ।

हाल कूल कैदीको संख्या २४ हजार २ सय २८ छ । कारागारका २३ हजार ४ सय ३० छन् भने सुधारगृह तर्फ ७ सय ९८ जना छन् ।

# ड्राइपोर्टमा लेबरको मृत्यु, मजदुरको प्रदर्शन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको सिर्सिया सुक्खा बन्दरगाह (ड्राइपोर्ट) मा मजदुरको मृत्यु भएको छ । मृत्यु हुनेमा पर्साको बहुदरमाई नगरपालिका–७ फुलकौल घर भएका ५५ वर्षीय शम्भु साह तेली छन् ।

ड्राइपोर्टमा आइतबार बेलुकी ६.३० बजेतिर बा ०३–००१ ख २६९८ नम्बरको ट्रकमा मलको बोरा लोड गर्ने क्रममा अचानक चक्कर लागेर लडेका तेलीलाई उपचारका लागि नारायणी अस्पतालमा लगिएकोमा त्यहीँ मृत्यु भएको हो । हृदयाघातका कारण तेलीको मृत्यु भएको हुनसक्ने प्रहरीको अनुमान छ ।

यसैबीच, मृतकका आफन्त र मजदुरले उचित क्षतिपूर्ति माग गर्दै सोमबार बिहान ड्राइपोर्ट भन्सारमा केहीबेर प्रदर्शन गरेका थिए । त्यसपछि पूर्वमन्त्री तथा पूर्वसांसद राजकुमार गुप्ता, बहदुरमाई नगरपालिका वडा नम्बर ७ का पूर्व वडाध्यक्ष बाबुलाल यादव र वडा नम्बर ८ का वडाध्यक्ष पुनीलाल साह तेलीलगायतको सहजीकरणमा वार्ता भएको थियो ।

वार्तामा ठेकेदार कम्पनीले एक साताभित्र नियमानुसार आवश्यक क्षतिपूर्ति मृतकका परिवारजनलाई उपलब्ध गराउने आश्वासन दिएपछि परिवारजनले शव बुझेको ड्राइपोर्ट सञ्चालनको ठेक्का लिएको प्रिन्स्टिन भ्यालीका सेक्युरिटी सुपरभाइजर धर्मेन्द्र गिरीले जानकारी दिए ।

उनका अनुसार, मृतक पटेल लेबर सप्लायर्स ठेकेदार कम्पनी पटेल लेबर सप्लायर्समार्फत त्यहाँ कार्यरत थिए । पटेल लेबर सप्लायर्सका सञ्चालक करण चौधरी र सुरेश पटेल हुन् ।

# ३२ जलविद्युत आयोजना प्रभावित, इलाममा १६ आयोजनामा क्षति

**काठमाडौँ ।**
असोज १७ गतेदेखि १९ गतेसम्म आएको भारी वर्षाका कारण तीन वटा प्रदेशका १० जिल्लामा ३२ जलविद्युत आयोजना प्रभावित भएका छन् ।

स्वतन्त्र ऊर्जा उत्पादकहरुको सस्था, नेपाल (इप्पान)ले संकलन गरेको सोमवार दिउँसोसम्मको प्रारम्भिक तथ्याङ्क अनुसार सञ्चालनमा रहेका १८० मेगावाट क्षमताका १७ आयोजना र निर्माणाधीन अवस्थामा रहेका ३३८ मेगावाट क्षमताका १५ जलविद्युत आयोजना बाढीबाट प्रभावित भएका छन् ।

विगतका वर्षहरुमा बाढीको पूर्वसूचना प्राप्त नहुँदा तथा प्राप्त सूचनाप्रति पनि विश्वस्त नहुँदा ठूलो मानवीय क्षतिसमेत हुँदै आएकोमा यस वर्ष इप्पान र जल तथा मौसम विज्ञान विभागबीच बाढीको पूर्वसूचना आदान प्रदान गर्ने सम्झौता भई सोही अनुसार पूर्वसूचना प्रेसित गरी मानवीय क्षति रोक्न सफाल भएको इप्पानका अध्यक्ष गणेश कार्कीले बताए ।

समयमै आवश्यक पूर्वतयारी गर्दा यसपटक भारी वर्षाको तुलनामा जलविद्युत आयोजनाहरुमा निकै कम मात्र भौतिक क्षति भएको पनि अध्यक्ष कार्कीले बताए ।

सञ्चालनमा रहेका १७ मध्ये १५ आयोजना इलामका

बाढी पहिरोका कारण सबैभन्दा बढी प्रभावित भएको कोशी प्रदेशको इलाम जिल्लामा जलविद्युत आयोजनाहरु पनि सबैभन्दा धेरै प्रभावित भएका छन् । इलाममा मात्रै सञ्चालनमा आएका १५ वटा जलविद्युत आयोजनाहरुको उत्पादन बन्द भएको छ ।

जसमा ४.५ मेगावाटको माईखोला, ८ मेगावाटको माईखोला क्यासकेड, २२ मेगावाटको माईखोला (सानिमा माई), ७ मेगावाटको माई क्यासकेड, ७.८ मेगावाटको सुपरमाई, ९.६ मेगावाटको सुपरमाई ए, ३ मेगावाटको सुपरमाई ए क्यासकेड, ७.६ मेगावाटको जोगमाई खोला, ५.२ मेगावाटको जोगमाई क्यासकेड, ६.२ मेगावाटको तल्लो जोगमाई, ९.५ मेगावाटको माईबेनी, ९.९ मेगावाटको माथिल्लो माई, ५.१ मेगावाटको माई सी क्यासकेड, ४.९६ मेगावाटको पुवा २ र ३ मेगावाटको अपर पुवा १ जलविद्युत आयोजना इलाम जिल्लाका रहेका छन् ।



बाँकी दुई आयोजना मध्ये कोशी प्रदेशकै पाँचथर जिल्लामा रहेको १४.९ मेगावाटको हेवाखोला र बागमति प्रदेशमा रहेको ५२.४ मेगावाटको लिखु ४ जलविद्युत आयोजना प्रभावित भएका छन् । हाल लिखु बाहेक सबै आयोजनाको उत्पादन बन्द रहेको छ । लिखु ४ को भने १ घण्टाभन्दा केही बढी समय मात्र उत्पादन बन्द भएको थियो ।

**निर्माणाधीन आयोजनाको धेरै क्षति पहुँच मार्गमा**

निर्माणाधीन जलविद्युत आयोजनाहरुमा सबैभन्दा धेरै क्षति पहुँचमार्गमा देखिएको छ । मनाङमा रहेको ४९.९५ मेगावाट क्षमताको दाना खोला जलविद्युत आयोजनाले बनाएको १२ किलोमिटर पहुँचसडकको धेरै ठाउँमा पहिरो गएको प्रवद्र्धक कम्पनी लालुपाते हाइड्रोपावरका सञ्चालक मोहनकुमार डाँगीले जानकारी दिए । यहि वर्षदेखि आयोजनाको निर्माण सुरु भएकाले पहुँच सडक सेट नभइसकेको अवस्थामा वर्षाले धेरै ठाउँमा बाटो बगाएको डाँगीले बताए ।

निर्माणाधीन अवस्थामा रहेका आयोजना मध्ये सिद्धि हाइड्रोपावरद्वारा प्रवद्र्धित इलाममा रहेको १० मेगावाटको सिद्धिखोला जलविद्युत आयोजना १० दिनभित्र व्यवसायिक उत्पादनमा जाने तयारीमा रहेकोमा बाढीले क्षति पुऱ्याउँदा यसको विद्युत उत्पादन मिति पर सरेको छ ।

पाँचथरमा रहेको २१.५ मेगावाटको सभाखोला बी र ९.९ मेगावाटको हेवाखोला जलविद्युत आयोजनाको निर्माण सामाग्री र निर्माण उपकरणहरु नै बगाएको छ । सिन्धुपाल्चोकमा रहेका ४ जलविद्युत आयोजनाको पहुँचमार्ग पनि बाढीले बगाएको छ । जसमा ३६.५१ मेगावाटको ब्रम्हायणी, १५.१५ मेगावाटको माथिल्लो ब्रम्हायणी, ४० मेगावाटको बलेफी र २२.५ मेगावाटको तल्लो बलेफी जलविद्युत आयोजनाको पहुँचमार्ग बाढीले बगाएको छ ।

रसुवामा रहेको २० मेगावाटको लाङटाङ खोला, भोजपुरमा रहेको १५.५ मेगावाटको इर्खुवा खोला बी, १४.५ मेगावाटको माथिल्लो इर्खुवा, म्याग्दीमा रहेको २२.५ मेगावाटको माथिल्लो ठूलो खोला, लमजुङमा रहेको ६.८२ मेगावाटको हिडी खोला, रामेछापमा रहेको ४८.८ मेगावाटको खिम्ति २ र धादिङमा रहेको ४.५ मेगावाटको गसाली खोला जलविद्युत आयोजनाको पहुँचमार्ग लगायतका विभिन्न संरचनामा क्षति पुगेका कारण यी आयोजनाको विद्युत उत्पादन मिति पर सरेको छ । सञ्चालनमा रहेका तथा निर्माणाधीन अवस्थाका आयोजनाहरुसम्म पुग्ने पहुँचमार्गहरु अवरुद्ध भएका कारण क्षतिको विस्तृत विवरण आउन भने अझै केही समय लाग्न सक्ने इप्पानले जनाएको छ ।



**जानकी मन्दिरमा पूजापाठ गर्दैः** भारत तमिलनाडुका जगतगुरु स्वामी नारायण तीर्थ महास्वामीले सोमबार जनकपुरधामको जानकी मन्दिरमा पूजापाठ गर्दै । तस्बिरः निरञ्जनकुमार साह

# लयमा फर्कंदै सिर्सिया आसपासका बस्ती

**मधेशदृष्टि**
**वीरगंज ।**
सिर्सिया नदीको बहाव क्रमशः घट्दै गएपछि वीरगंज आसपासका क्षेत्रमा जनजीवन बिस्तारै सामान्य लयमा फर्किंदै गएको छ । नदीको जलसतह बढेपछि सिर्सिया नदी छेउछाउका रानिघाट, विद्यापती टोल, राधेमाई, अशोक वाटिका, प्रगतिनगर, छप्कैयाँ, ड्राइपोर्ट, खल्वाटोला सिर्सिया, रामघढवा र हरपतगंज लगायतका बस्ती डुबानमा परेका थिए ।

घरघरमा पानी पसेपछि स्थानीय सुरक्षित स्थानतर्फ सरेका थिए भने कतिपयले छिमेकी वा आफन्तका घरमा आश्रय लिएका थिए । हाल पनि केही सडक र वस्तीमा पानी जमेको भए पनि जलस्तर क्रमशः घट्दै गएको स्थानीयले बताएका छन् । दुई दिनदेखि निरन्तर वर्षा भएपछि वीरगंज महानगरपालिका र पर्साका अन्य नदी तथा खोलाछेउका बस्ती डुबानमा परेको थियो । स्थानीय प्रशासनका अनुसार बाढीका कारण हालसम्म कुनै मानवीय क्षति भएको रिपोर्ट छैन । तर ठूलो आर्थिक क्षति भएको र कृषिजन्य बाली नष्ट भएको प्रारम्भिक विवरण प्राप्त भएको छ ।

सोमबारदेखि पर्सा जिल्लाको सम्पूर्ण सरकारी कार्यालय, बैंक, वित्तीय संस्था खुलेका छन् । उता बारामा वर्षाका कारण अस्थायी रूपमा अवरुद्ध बनेका सडक खुल्न थालेसँगै सोमबारदेखि जिल्लाभरका सबै सरकारी कार्यालय पुनः सञ्चालनमा आएका छन् । जिल्ला प्रशासन कार्यालय, बाराका प्रमुख जिल्ला अधिकारी प्रकाश पौडेलले सोमबारदेखि जिल्लाभरका सबै सरकारी तथा स्थानीय तहका कार्यालयहरूबाट नियमित सेवा प्रवाह भएको जानकारी दिए ।

# १०२ जनालाई उद्धारपछि स्थानान्तरण

**मधेशदृष्टि**
**महोत्तरी ।**
मटिहानी, औरही, बलवा, जलेश्वरलगायत क्षेत्रमा जलमग्न भएपछि सुरक्षाकर्मीले १ सय २ जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । अविरल वर्षाका कारण रातु नदीको वहाव उच्च भएपछि २२ घरपरिवारका १ सय २ जनालाई सुरक्षित स्थानमा सारिएको हो ।

समयमै आवश्यक सतर्कता अपनाएको कारण जिल्लामा मानवीय क्षति हुन नसकेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । रातु, मडहा, जंघा नदीमा आएको पानीको उच्च बहावले भने यहाँ भौतिक क्षति गरेको छ ।

प्रहरी प्रवक्ता एवम् डिएसपी शैलेन्द्रकुमार भट्टका अनुसार जलेश्वरको रतुवारस्थित रातु नदीमा बनाएको वाँध बाढीले कटान गरेपछि सदरमुकाम जलेश्वर जलमग्न भएको हो ।

महोत्तरी सदरमुकाम जलेश्वरमा आएको बाढीको कारण दर्जनभन्दा बढी कार्यालयमा पानी पसेको छ । बाढीको कारण तीन दिनदेखि जलेश्वर क्षेत्रमा बिजुलीसमेत अवरुद्ध छ ।

# लगातारको झरीबाट प्रभावित जनजीवन सहज हुँदै



**मौसम खुलेपछिको चहलपहलः** लगातार तीन दिनको वर्षापछि सोमबार मौसम खुलेसँगै धनुषाको क्षीरेश्वरनाथ नगरपालिका–७ नयाँबजारमा देखिएको सर्वसाधारणको चहलपहल । तस्बिरःरासस

**धनुषा ।**
तीन दिनको लगातारको अविरल वर्षाका कारण प्रभावित जनजीवन सहज हुँदै गएको छ । मौसम सुधार भएसँगै सर्वसाधारणले राहत महसुस गरेका हुन् । यहाँ आइतबार रातिदेखि वर्षा रोकिएको र आज बिहानदेखि घाम लागेको छ ।

'निरन्तर वर्षा भइरहँदा बाहिरी कामकाज छाडेर घरमै बस्न बाध्य थियौँ,' क्षीरेश्वरनाथ नगरपालिका–५ महेन्द्रनगरका तरकारी व्यवसायी जीवछ साहले भने, 'बल्ल घाम लागेपछि राहत महसुस भएको छ ।' निरन्तरको वर्षाका कारण ग्राहकको अभावमा २० हजार बराबरको फलफूल, सागसब्जी सडेको साहले दुखेसो सुनाए । वर्षा रोकिएर घाम लागेपछि अहिले बजारमा चहलपहलसमेत बढेको छ । क्षीरेश्वरनाथ नगरपालिका–५ की गृहणी ज्योति गुप्ताले घाम लागेपछि बिस्कुन एवम् लुगाफाटा सुकाउन सहज भएको बताइन् ।

मान्यजनकहाँ दशैँको टीका, जमरा ग्रहण गर्न जानु परे पनि लगातार झरी परिरहँदा सबै घरमै थुनिएका थिए । दशैँ मनाएर राजधानी काठमाडौँलगायत स्थानमा फर्किन समस्या भएको थियो । आज भने यात्रुहरू बस बिसौनीहरूमा गाडीको प्रतीक्षामा बसेका देखिएका छन् । मौसमविद्हरूले अब मौसम सफा हुँदै जाने र तापक्रम पनि क्रमशः घट्दै गई प्रचण्ड गर्मीबाट उन्मुक्ति मिल्ने बताएका छन् । लामो झरीले कामकाज गर्न नपाएका यहाँका बासिन्दा काममा निस्कन थालेका छन् । 'हेर्नोस् न, झरीले केही गर्न दिएको थिएन, सबै काम असरल्ल थियो,' क्षीरेश्वरनाथ नगरपालिका–१ रमदैयाकी किसान अनितादेवी यादवले भनिन्, 'बल्ल कति दिनपछि राम्ररी घाम देख्न पाइयो, अब भने खेत गोडमेल, वस्तुभाउको चरण गर्न पाइने आश जाग्यो ।' मौसममा सुधार देखिएसँगै अब धान, तरकारी गोडमेल गर्न अनुकूल हुने यहाँका किसानहरू बताउँछन् । मौसममा आएको सुधारले तरकारीबारी गोडमेल गर्न सकिने रमदैयाका किसान उमेश यादवको भनाइ छ । पशुपालक किसानले गोठमै बाँधिएका घरपालुवा पशुवस्तु (गाई, भैँसी, बाख्रापाठा) फुकाउन, डुलाउन पाएका छन् । चरन क्षेत्र पानीले डुबाएको भए पनि पशुवस्तुलाई डुलाउन पाइएको पशुपालक किसानको भनाइ छ ।

दुई–तीन दिनपछि पारिलो घाम लागेपछि लुगा धुने व्यवसायका धोबीलाई पनि राहत भएको छ । 'धेरै दिनदेखि ग्राहकले धुन दिएका लुगा पानी परिरहेर घरमै थुप्रिएको थियो,' क्षीरेश्वरनाथ नगरपालिका–५ का अमिन साफी धोबीले भने, 'अब भने काम गर्न पाइने भइयो ।'

**कमलाका किसान समस्यामा**

अविरल वर्षाका कारण धनुषाको कमला नगरपालिका–१ मंगराहा गाउँ पूर्ण रूपमा डुबानमा परेको छ । खेतबारीमा पानी जम्दा स्थानीय बासिन्दा र किसान गम्भीर समस्यामा परेका छन् । स्थानीयका अनुसार मंगराहा क्षेत्र वर्षेनी सैयौँ बिघा खेत डुबानमा पर्छ, तर असोज १७ गतेदेखि परेको निरन्तर वर्षाले यस वर्ष स्थिति अझै भयावह बनेको छ । खेतमा लगाइएको धानबाली पानीमा डुबेर सड्न थालेको छ, जसले किसानको लगानी र मेहनत दुवै जोखिममा पारेको छ ।

पानी निकासको उचित व्यवस्था नहुँदा बस्ती र खेती दुबै प्रभावित भएका छन् । किसानले पटक–पटक स्थानीय निकाय र जनप्रतिनिधिलाई समस्या समाधानका लागि अनुरोध गरे पनि अहिलेसम्म ठोस पहल भएको छैन । किसान रामबाबु मुखियाले भने, 'कहिल्यै नेताहरू यहाँका किसानको पीडा बुझ्न आएका छैनन्, सबैले आश्वासन मात्र दिएका छन् । अब हाम्रो धानबाली सकिने अवस्थामा छ ।' हाल किसानहरू आफैँ खेतमा जमेको पानी घटाउने प्रयासमा जुटिरहेका छन्, तर निरन्तर वर्षा र निकास अभावका कारण समस्या अझै समाधान हुन सकेको छैन । स्थानीयले तात्कालिक राहत, निकास प्रणाली निर्माण र दीर्घकालीन बाढी नियन्त्रण योजना लागू गर्न नगरपालिका र प्रदेश सरकारसँग माग गरेका छन् ।

# बाढी तथा डुबानबाट एक हजारभन्दा बढी प्रभावित



**जलमग्न बस्तीः** जीता नदी र खाडो खोलाको बाढी पसेपछि सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–४ सकरपुरास्थित जलमग्न देखिएको रामटोलका बस्ती । यस पालिकामा करिब तीन सय बढी घर डुबानमा परेको छ । तस्बिरः रासस

**सप्तरी ।**
अविरल वर्षापछि आएको बाढीले यहाँको जनजीवन प्रभावित बनाएको छ । भीषण वर्षासँगै जिल्लाका त्रियुगा, खाँडो, कोशी र जिता नदीमा आएको बाढीले झण्डै पाँच सयभन्दा बढी घर डुबानमा परेका छन्भने एक हजार एक सय ५६ जना प्रभावित भएका छन् ।

जिल्लाका तटीय र नदी किनारका बस्तीमा बाढी पस्दा स्थानीयवासीको जनजीवन अस्तव्यस्त बनेको छ । त्रियुगा नदीमा आएको बाढीले सप्तकोसी नगरपालिकाका विभिन्न वडाका दुई सयभन्दा बढी घर डुबानमा पारेका छन् । भीषण वर्षापछि नदी 'ओभरफ्लो' हुँदा वडा नं ६ बोचही गाउँ नै जलमग्न बनेको छ । उक्त वडाका छ घर भत्किएपछि ती परिवारलाई राष्ट्रिय आधारभूत विद्यालय बोचहीमा सुरक्षित राखिएको प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालयका अनुसार जिल्लाका अरू नौ स्थानमा बाढीबाट दुई सय ५६ परिवार प्रभावित भएका छन् । जिल्लाको डाक्रेश्वरी नागरपालिका वडा नं ९ मा १५ घरमा पानी पसेको छ । हनुमाननगर कङ्कालिनी नगरपालिका–१२ मा ४०, राजगढ गाउँपालिका–६ मा एउटा घर भत्किएको छ भने तिलाठी कोइलाडी गाउँपालिका–१ मा खाँडो नदीको बाढी पसेर गाउँ नै जलमग्न भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिए । तिलाठी कोइलाडी—४ मा १५ हनुमाननगर कंकालिनी—१४ मा ११ घर डुबानमा परेका छन् ।

प्रहरी उपरीक्षक गोतम केसीको नेतृत्वमा खटिएको टोलीले जिल्लाका विभिन्न ठाउँबाट बाढीमा फसेका ३८ जनालाई उद्धार गरेको छ । टोलीले जिल्लाको सप्तकोशी नगरपालिका—६ बाट १२ जना, हनुमाननगर कङ्कालिनी–१२ बाट आठ जना, राजगढ गाउँपालिका–६ बाट सात र तिलाठी कोइलाडी–४ बाट ११ जनालाई उद्धार गरिएको प्रहरी नायब उपरीक्षक पुरीले जानकारी दिए । रासस

# कोजाग्रतः मैथिल वरवधुको आज 'चुमाउन'

**महोत्तरी ।**
मधेशमा महोत्तरीसहितका मिथिला क्षेत्रका सोमबार कोजाग्रत पूर्णिमाका अवसरमा नवविवाहित मैथिल जोडिको 'चुमाउन' गरिएको छ । कोजाग्रतयताको एक वर्ष अवधिमा विवाह भएका मैथिल दम्पतीको पहिलो कोजाग्रत पूर्णिमाका दिन दुलही पक्षका आफन्तले दुलहाका घरमा गएर गरिने वरपूजन परम्पराको 'चुमाउन' विधि परम्पराअनुसार गरिएको हो ।

सामान्यतया आफ्नी कन्याको विवाहपश्चात् राम्रो प्रतिपाल गरेका ज्वाइँप्रति कृतज्ञता जनाउन दुलही पक्षका आफन्त सगुन लिएर दुलहाका घर गएर वर (दुलहा) पूजन गर्ने पुरानो मैथिल परम्परालाई 'चुमाउन' भन्ने गरिएको छ । यस अवसरमा दुलही पक्षकाले दुलहाका लागि वस्त्रआभूषण र मिष्टान्न परिकार भेट गर्ने (उपहार दिने) पुरानो परम्परा रहेको पाका मैथिल बताउँछन् ।

कोजाग्रत पूर्णिमा दोषरहित र शुभ दिन मानिँदै आइएकाले पहिलो पटक घरजम सुरु गरेकी छोरी–चेलीका परिवारजनप्रति आभार व्यक्त गर्न यो दिन रोजिएको हुनसक्ने मैथिल लोकपरम्पराका जानकार बताउँछन् । दुर्गा पूजन सकिएलगत्तै दशैँ पर्वको कोसेली पु¥याउन र पर्वविशेषको भेटघाट गर्न पनि यो परम्परा पूर्वजहरूले चलाएका हुनसक्ने मैथिल संस्कृतिविद् जलेश्वर– ५ का ध्रुव राय बताउँछन् । मिथिला क्षेत्रमा खासगरी मैथिल ब्राह्मण, कायस्थ र सोनार जातिमा बाक्लो प्रचलनमा रहेको 'चुमाउन' विधि पछिल्ला केही वर्षयता भने अत्यन्त भड्किलो बन्दै गएको यस क्षेत्रका बुद्धिजीवीको टिप्पणी छ । दुलही पक्षकाले ज्वाइँसहित उनका पिता र आफन्तका लागि वस्त्रआभूषण दिनुपर्ने माग र सयौँ मान्छेलाई खानपान गराउन पर्ने दुलहा पक्षको प्रस्तावले यो विधि भड्किलो बन्दै गएको टिप्पणी बढेको हो ।

विगतमा एक बिडा पान, केही मखान, एकजोर धोती र जनै सुपारीले धानिने गरिएको यो परम्परा पछिल्ला केही दशकयता दुलही पक्षका लागि खर्चिलो बन्दै गएको मैथिलहरू नै स्वीकार गर्छन् । संस्कृति थेग्न र बचाउनभन्दा पनि आडम्बर बढेको भङ्गाहा–५ सिद्धपुरका रामनारायण झाको भनाइ छ ।

पिता, पुर्खाले आपसी सद्भाव वृद्धिका लागि यो विधि परम्पराको सुरुआत गरे पनि पछिल्लो समयमा यो विधि आडम्बर र अहङ्कार प्रदर्शनजस्तै बनेकाले अबको पुस्ताले यसलाई कम खर्चिलो बनाउन सामाजिक दबाब बढाउन आवश्यक देखिएको यस क्षेत्रका बुद्धिजीवी बताउँछन् । रासस

# अविरल वर्षापछि सर्लाहीको जनजीवन प्रभावित

**सर्लाही ।**
अविरल वर्षापछि आएको बाढीले यहाँको जनजीवन प्रभावित बनाएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार लखन्देही खोलामा आएको बाढीले करिव एक हजार ६ सय १९ परिवारलाई प्रभावित बनाएको र उनीहरुलाई अन्यत्र सारिएका छन् । बाढीमा फसेका १९ जनालाई नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले उद्धार गरेको छ ।

जिल्लाको लखन्देही, झिम, बाँके, सोती, मनुस्मारालगायतका खोलामा पानीको वहाव उच्च भएको छ भने बागमती नदीको बाढीलेसमेत जिल्लाको दक्षिणी क्षेत्र बलरा नगरपालिकाको चार गाउँ डुबानको जोखिममा पारेको छ । जिल्लामा सबै भन्दा धेरै लखन्देही खोलाले क्षति पु¥याएको प्रहरीले जनाएको छ । खोलामा आएको बाढीले चक्रघट्ट गाउँपालिका–१, पडरियामा २० कच्ची घरमा पूर्णरुपमा क्षति पुगेको छ भने कौडेना गाउँपालिका–३, मा १५० मिटर हुलाकी सडक क्षति पु¥याएको छ । जिल्लाको ब्रह्मपुरी गाउँपालिका–७, मा रहेको कलभट आदवारा खोलामा आएको बाढीले बगाउँदा ब्रह्मपुरी–भक्तिपुर–चौलिखा सडक अवरुद्ध भएको छ ।

बाढी तथा डुबानका कारण जिल्लाको बसवरिया गाउँपालिका, चक्रघट्ट गाउँपालिका, मलङ्वा नगरपालिका, बलरा नगरपालिका, धन्कौल गाउँपालिका, बरहथवा नगरपालिका, कौडेना गाउँपालिका, ब्रह्मपुरी गाउँपालिका, हरिवन नगरपालिका, गोडैता नगरपालिका र कबिलासी नगरपालिकामा स्थानीय प्रभावित भएका छन् । प्रहरी कार्यालयका अनुसार लखन्देही खोलाको बाढीले चक्रघट्ट गाउँपालिका–५, मा १८ घर स्थानीय विस्थापित भएका छन् । विस्थापित परिवारले नजिकै छिमेकीका बसेका छन् ।

यस्तै जिल्लाको बसवरिया गाउँपालिकास्थित बागमती खोलामा फसेका दुई जनालाई प्रहरीले उद्धार गरेको थियो । लखन्देही खोलाको पानीले मङ्गवा नगरपालिका–५, भाडसरका घरमा पानी पसेको थियो । यसैगरी मलङ्वा नगरपालिका–८, गोरखकालीमा रहेको भन्सार कार्यालय र प्रहरी चौकीमा पानी जमेको छ ।

यसैबीच बलरा –१, ३, ४ र ५ नम्बर वडामा गरी नौ सय घर डुबानमा परेको छ । वडा नं १ को छन्की टोलका ५० परिवार पानीमा घर डुबेपछि विस्थापित भएका हुन् । सोही पालिकाको वडा नं ४ को सहनी टोला र मुस्लिम टोला डुबानमा परेको छ । घरहरू डुबानमा परे पनि स्थानीयलाई सुरक्षितसँग बागमती ड्याममा राखिएको छ ।

मनुस्मारा खोला र वर्षाको पानीले जिल्लाको धन्कौल गाउँपालिका–३, हरकठवा र वडा नं ४ महिनाथपुर जोखिममा परेको छ । खोलाको पानी जुनसुकै बेला गाउँ पस्नसक्ने जोखिम रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए । उक्त खोलाको पानीले धन्कौलबाट रौतहटको धरमपुर जोड्ने बाटो अवरुद्ध भएको छ । यस्तै बरहथवा नगरपालिकामा सोती खोला र टिकुलिया खोलाको पानीले वडा नम्बर ७ र १६ का बस्तीमा जोखिम निम्त्याएको छ । यसैबीच जिल्लाको कौडेना गाउँपालिका–७, शिवनगर, वडा नं ३ कौडेना, वडा नं–५, पर्सा र छप्कैया, वडा नं–६, सक्रौलमा लखन्देही खोलाको बाढी पसेर ठूलो क्षति पु¥याएको छ । खोलेले बाँध कटान गर्दा शिवनगर गाउँमा पानी पसेको छ । उक्त स्थानबाट प्रहरीले १७ जना स्थानीयलाई उद्धारसमेत गरेको छ ।

वर्षाले घरको पर्खाल भत्किँदा कविलासी नगरपालिका–२, पिपरियामा अन्दाजी ९ वर्षकी शिवानी सिंहको खुट्टाको हड्डी भाँच्चिएको छ । कविलासी–८, अघर्वा र वडा नं–४, हेमपुरमा पनि पानीको निकास नहुँदा घरहरुमा पानी पसेको हो ।

गोडैता –८, प्रहरी चौकी गोडैता र चन्द्रनगर–५, स्थित प्रहरी चौकी मोहनपुरको पर्खाल भत्किएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । यस्तै ब्रह्मपुरी –४ स्थित झिम खोलामा आएको बाढीलाई ड्याम निर्माण गरेर रोकथाम गरिएको थियो ।

सम्पादकीय

# महिनैपिच्छे संकट, नेताहरु राजनीतिमा मात्र प्रकट

*भदौमा जेन्जी आन्दोलन भयो । आन्दोलनले केन्द्रीय सत्ता अपदस्त गर्‍यो । केही नेताहरुलाई पक्राउ र जेलसम्मको मुद्दाका विषय राज्यको तहबाट छानबिन क्रममा छ । यतिले नपुगेर सामाजिक सञ्जालमा पनि उनीहरुको चरित्रहरण भइरहेको छ । मान्छेलाई कतिखेर सन्तुष्टि आउला भन्ने मानक छैनन् । अतृत्त आत्माले सत्ता, रगत र स्वार्थमा कहिल्यै सीमा नपाउँदोरहेछ भन्ने यो घटनाले देखाएको छ । दलहरुका विकल्पमा ससाना दलहरु नै उमार्ने काम पनि भइरहेको छ । भदौको घटनाले दशैँ सोचेजस्तो राम्रो भएन । जनता आहत छन् । प्रदेश सरकारहरु बजेटविहीन छन् । मधेशमा त त्यही बजेटविहीन सरकारमा पनि लुछाचुँडी भइरहेको छ ।*

*असोजमा दशैँ नसकिँदै फेरि बाढीले विपत्ति ल्यायो । यसपटक सबैभन्दा बढी इलाम प्रभावित भयो मानवीय क्षतिका हिसाबले । धनको क्षतिका हिसाबले मधेश सबैभन्दा बढी आक्रान्त भयो । मधेशका जनताले आफू डुबेर भए पनि प्राण बचाउनु पर्ने अवस्था बन्यो । कतै चट्याङले ज्यान लियो । कतै बाँध फुटेर नागरिक बेपत्ता भए । कतै टिकटक बनाउन फाल हालेको मान्छे अहिलेसम्म नफर्केको पनि रिपोर्ट आए । जे होस् कोशी ब्यारेज र बागमती पुलका सबै ढोका खोलेर भए पनि नागरिकको ज्यानको सुरक्षामा राज्यसंयन्त्र होमियो । राजनीतिक दलका नेताहरु तमासे सीमित भए । डुबानले मधेश आक्रान्त भएको छ । कैयौं घरपरिवार ठूलो पर्व दिपावली र छठको मुखमा घरबारहविहीन भएका छन् । उनीहरुलाई प्रहरी प्रशासनले सुरक्षित स्थानमा त सारेको हो । तर घर फर्केर फेरि चाडपर्वमा रमाउन ऋण खोज्नु पर्ने अवस्था छ । समाज एक्लिँदै गएको छ । धनीहरु झन धनी र गरिब झन गरिब भएका छन् यो ३५ वर्षको लोकतन्त्र, बहुदल र गणतन्त्रमा । प्रगतिको रेखा बढे पनि आमनेपालीको दालभातको जोहोको लागि सबै थोक आयातमुखी बनेको छ । उर्वर भूमिमा खेती हुन छाडेको छ । खेती गर्छु भन्नेहरुले मल, बीउ र उत्पादनपछि भाउ पाउन छाडेका छन् । जे होस् मधेशमा राजनीति फस्टाएको छ । टोलैपिच्छे नेता छन् । तर जनताको अवस्था सुधारमा कुनै नयाँ एजेन्डा छैन ।*

# आत्मजागरणका लागि एकताको खाँचो



डा राम कृष्ण तिमल्सेना

*नेपाल आज राजनीतिक रूपमा स्वतन्त्र छ तर व्यवहारमा र आत्मामा अझै दास छ । हामीले झण्डा र हात त उठायौँ, तर चेतना उठाउन सकेनौँ । देशको नाम लियौँ तर हृदयमा राष्ट्रको स्वरुप र नक्सा राख्न सकेनौँ । सङ्कटको घडीमा हामी प्रायः अरूलाई दोष दिन्छौँ –कहिले भारत, कहिले चीन, कहिले अमेरिका । तर सत्य के हो भने नेपाललाई कसैले हराइरहेको छैन; नेपाल आफैँ आफ्नै कमजोरीबाट हराइरहेको छ । राष्ट्र निर्माण बाह्य शक्तिले होइन, हरेक नागरिकको जागरूक चेतनाले सम्भव हुन्छ । तल उल्लिखित केही विषयले यो अवस्था सिर्जना गराउन सक्नेछ :*

आफैँबाट शुरु हुने शासनः अर्कालाई दोष दिन सजिलो छ, किनकि यसले हामीलाई आफ्ना कमजोरीको सामना नगरी जोगाउँछ । दोष दिने संस्कृतिले हामीलाई आलोचक बनायो तर सर्जक बनाएको छैन । सङ्कटको घडीमा हामीले आफैँसँग सोध्नु पर्छ, 'मैले के गरेँ ?' नेताको प्रतीक्षा गरिरहेका छौँ तर नेता जन्माउने समाजको भूमिका बिर्सिएका छौँ । संविधान र नीति बनाइयो तर अनुशासन र चेतनाको निर्माण नगरी मात्र नारा घन्कायौँ । यही कमजोरी नै हाम्रो अस्थिरता र राजनीतिक असफलताको मूल कारण हो ।

भगवद्गीताले भन्छ, 'उद्धरेदात्मनाऽत्मानं,' अर्थात् मानिसले आफैँलाई आफैँले उठाउनुपर्छ । नेपालको मुक्ति यही वचनमा निहित छ । बाह्य सहयोग वा सल्लाहले राष्ट्र बच्दैन; नेपालीको आत्मा जागृत हुनुपर्छ । जब किसानले आफ्नो खेत इमानदारीपूर्वक जोत्छ, शिक्षकले निष्ठापूर्वक पढाउँछ, न्यायाधीशले सत्य बोल्न डराउँदैन, युवाले राष्ट्रभन्दा माथि पार्टीको स्वार्थ राख्दैन, त्यही दिन नेपाल जाग्नेछ । आन्तरिक आत्म अनुशासनका क्षणमा मात्र देश र शासन स्थायी हुन सक्छ ।

**रणनीति र विवेकः**

नेपाल दुई विशाल देश बीच अबस्थित छ । यसको भौगोलिक स्थिति संवेदनशील छ, तर त्यही संवेदनशीलता अवसरमा बदल्न सकिन्छ । विदेशी शक्तिहरू स्वभावतः आफ्नो स्वार्थ हेर्छन्; त्यसमा दोष छैन । तर हाम्रो कमजोरी भनेको भविष्यको दृष्टिकोण, रणनीति र निर्णय क्षमतामा छ ।

यदि हामी भावनात्मक प्रतिक्रियाभन्दा बुद्धिमतापूर्वक योजना बनायौं भने कुनै पनि बाह्य दबाबले हाम्रो अस्तित्वलाई खतरा पुऱ्याउन सक्दैन । राष्ट्रको सुरक्षा रणनीति केवल प्रतिरोध होइन, पूर्वदृष्टि र विवेकपूर्ण निर्णयमा आधारित हुनुपर्छ ।

**सिंहदरबारभन्दा बाहिर जन्मिने शासनः**

नेपालको शासन सिंहदरबारमा मात्र जन्मदैन, प्रत्येक घर र हृदयमा जन्मिन्छ । जब नागरिक आफ्ना दायित्वमा सत्य र निष्ठापूर्वक लागि पर्छन्, तब राष्ट्रको शासन स्वयम् पवित्र र बलियो हुन्छ ।

दोषको संस्कृतिले विभाजन ल्याउँछ भने योगदान र उत्तरदायित्वको संस्कृतिले एकता ल्याउँछ । अब समय आएको छ, अरूलाई दोष दिने संस्कृतिलाई छोडेर आफैँ सुधार्ने, आफ्ना जिम्मेवारीलाई आत्मसाथ गर्ने संस्कृतिको विकास गर्नुपर्ने छ । राष्ट्रको पुनर्जागरण दोषबाट होइन, दायित्व र योगदानबाट हुन्छ ।

**नेतृत्व र युवा शक्तिः**

राजनीतिक नेतृत्वका दृष्टिले पनि अब समय आएको छ । शीर्ष तहका नेता र वरिष्ठ राजनीतिक दलका सदस्यहरूले सक्रिय राजनीतिबाट पछि हटेर सलाहकारको भूमिका निर्वाह गर्नु आवश्यक छ । युवा नेतृत्वलाई अगाडि आउन प्रोत्साहित गरिनुपर्छ, ताकि उनीहरूले देशका चुनौतीहरू नयाँ दृष्टिकोण र उत्साहका साथ समाधान गर्न सकून् । अनुभवको मार्गदर्शन र युवाको जोससँगै रहेमा मात्र नेपालले स्थिर, प्रगतिशील र सुसंगठित राष्ट्र बन्न सक्छ ।

**अभिभावक र सन्तानः**

यस यात्रामा अभिभावकहरूको भूमिका अतुलनीय छ । आफ्ना सन्तानलाई दोष दिने संस्कृति र आलस्यको बाटो होइन, जिम्मेवारी र सक्रियताको पाठ सिकाउनु पर्दछ । अभिभावकले स्वयं पनि उत्पादक र जिम्मेवार नागरिक बन्नुपर्छ, ताकि आफ्नो उदाहरणबाट सन्तानमा सकारात्मक संस्कार विकसित होस् । जेनरेशन जेडले अब पर्खाइ नगरी सक्रिय भूमिका लिनुपर्छ, सोच मात्र होइन, कार्यमा अग्रसर हुनुपर्छ । युवाहरूले चेतना र साहसका साथ अगाडि बढे मात्र राष्ट्र उज्यालो हुनेछ ।

**यस्तो हुन सक्छ उज्यालोको मार्गः**

नेपाललाई अरु कसैले बाह्य शक्तिबाट बचाउन सक्दैन । यो शक्ति नेपालीको हृदयमा छ । नेपालीको मन र कर्ममा हुनु पर्दछ । हामीले आफैँलाई उठाउनु पर्छ, आफ्नो कमजोरी स्वीकार्नु पर्छ, आफ्नो बलमा विश्वास गर्नुपर्छ । अँध्यारोलाई दोष नदिनुहोस्, आफ्नै दियो बाल्नुहोस् । देश उज्यालो हुन्छ, जब हरेक नेपालीको मन उज्यालो हुन्छ । नेपालको मुक्ति नयाँ प्रणालीमा होइन, पुरानो आत्माको पुनर्जागरणमा छ । यही जागरणको क्षणमा नेपाल फेरि हिमालजस्तै दृढ, गङ्गाजस्तै पवित्र, र जनकजस्तै विवेकी हुनेछ । हरेक नेपालीले नेपाललाइ मन बचन र कर्मबाट बचाउनेछ । यदि नेपालीहरू अरुको दोष देख्न होइन, आफ्नो क्षमता र उत्तरदायित्व सम्झन सक्ने भए भने उनीहरु राष्ट्रदीप बन्न सक्छन् । एकपटक राष्ट्रले सबैको सामूहिक प्रयत्न मागेको छ । अर्को पक्ष कर्म र धर्मको समायोजन हो । देश उठाउन र जगाउन कर्मलाइ पुजा बनाउन पर्छ ।

**कर्म नै पूजाः**

मानव जीवनको सार कर्ममा निहित छ, र कर्मको दिशा धर्मले निर्धारण गर्छ । धर्मबिना कर्म अन्धो हुन्छ, कर्म बिना धर्म निष्प्रभावी हुन्छ । यी दुई जब सन्तुलित हुन्छन्, तब जीवनमा शान्ति, शासनमा न्याय, र समाजमा स्थिरता बस्छ । नेपालको वर्तमान अवस्था हेर्दा देखिन्छ कि हामी धर्मको नाममा निष्क्रिय र कर्मको नाममा अविवेकी भयौं । कोही कर्म गर्छ तर उद्देश्य स्वार्थ हो, कोही धर्मका कुरा गर्छ तर व्यवहारमा कपट छ । यही असन्तुलनले नै देशमा अव्यवस्था जन्माउँछ । कर्म र धर्मको समायोजन भनेको यही असन्तुलनलाई सन्तुलनमा रूपान्तरण गर्ने आन्तरिक साधना हो ।

**कर्मः समाजको गतिशील शक्तिः**

कर्म भनेको केवल काम होइन, चेतनासहितको प्रयत्न हो । श्रम, सेवा, सिर्जन– यी सबै कर्मका रूप हुन् । जब व्यक्ति आफ्नो कामलाई कर्तव्यका रूपमा गर्छ, त्यो नै सच्चा कर्म हो । नेपालको पुनर्जागरण कर्मको पुनव्र्याख्याबाट शुरु हुनुपर्छ । सरकारी कर्मचारीले आफ्नो कामलाई बोझ होइन, राष्ट्रसेवा मान्न सक्नु पर्दछ; किसानले माटोलाई पूजा ठान्नु पर्दछ; शिक्षकले पढाउने कामलाई आत्मअर्पणको अभ्यास बनाउनु पर्दछ; युवाले आफ्नो श्रमलाई राष्ट्र निर्माणको जिम्मेवारी ठान्नु जरुरी छ; त्यो क्षणमा नेपाल पुनः जीवित हुनेछ । कर्मले मात्रै शासन चल्दैन, तर शासनको आत्मा जाग्रत हुन्छ । कर्म नै शासनको मेरुदण्ड हो ।

**धर्मः विवेकको दिशाः**

धर्म भनेको धर्मग्रन्थको अनुकरण होइन, विवेकको अभ्यास हो । धर्मले कर्मलाई दिशा दिन्छ, ताकि शक्ति असंयममा नजाओस् । भगवद्गीताले भन्छ, 'स्वधर्मे निधनं श्रेयः, परधर्मो भयावहः ।' अर्थात् आफ्नो धर्ममा स्थिर रहनु नै श्रेष्ठ हो । आफ्नो धर्म भन्नाले आफ्नो कर्तव्य, आफ्नो सत्य, आफ्नो दायित्व हो । जब मानिस आफ्नो स्वधर्ममा अडिग रहन्छ, कर्म स्वतः पवित्र हुन्छ । नेपालमा धर्मको अर्थलाई सङ्कुचित गरेर मात्र धार्मिक अनुष्ठानमा सीमित गरियो । धर्म वास्तवमा जीवनको नीति हो, कर्मको दिशा हो । यदि शासन धर्ममा आधारित हुन्छ भने त्यसले न्याय ल्याउँछ; यदि केवल शक्ति र स्वार्थमा आधारित हुन्छ भने त्यसले अन्याय जन्माउँछ ।

**कर्म र धर्मको असन्तुलनको परिणामः**

जब कर्म धर्मविहीन हुन्छ, तब दुराचरण जन्मन्छ; जब धर्म कर्मविहीन हुन्छ, तब ढोंग जन्मन्छ । आजको समाज यही दुई चरमबीच फसेको छ । कोही कर्म गरिरहेका छन् तर विवेक हराएका छन्; कोही धर्मको कुरा गर्छन् तर केही गर्दैनन् । नेपालमा धर्म र कर्मको सम्बन्ध पुनस्र्थापना नगरी सुशासन सम्भव छैन । धर्मले नीतिलाई शुद्ध बनाउँछ, कर्मले त्यसलाई कार्यान्वयन गर्छ ।

**कर्मयोग र शासनः**

शासनको आधार पनि यही कर्मयोगमा निहित छ । कर्मयोगी नेता, कर्मचारी, वा नागरिकले आफ्नो कर्तव्यलाई आत्मिक रूपमा बुझ्छ । उसले शक्ति होइन, सेवा खोज्छ । श्रीकृष्णले अर्जुनलाई युद्ध गर्न भने तर घृणाले होइन, धर्मले प्रेरित भएर । यही सन्देश शासनका लागि पनि सान्दर्भिक छ । न्यायका लागि कार्य गर्नुपर्छ, व्यक्तिगत प्रतिशोधका लागि होइन ।

नेपालमा यदि नेतृत्व कर्मयोगमा आधारित भयो भने, त्यसले सत्ता होइन, सेवा निर्माण गर्छ । अनि शासन केवल व्यवस्थापन होइन, मूल्य संस्कारमा टेकेको प्रणाली बन्छ । कर्म र धर्मको एकीकृत चेतना साँचो नागरिक चेतना तब जाग्छ जब कर्म धर्ममा र धर्म कर्ममा मिसिन्छ । यदि नागरिकले आफ्नो कामलाई पूजा ठान्छ भने भ्रष्टाचार हराउँछ; यदि नेता आफ्नो जिम्मेवारीलाई साधना ठान्छ भने राज्य बलियो हुन्छ । कर्म र धर्मको समायोजन भनेको 'कार्य नै प्राथना' र 'सेवा नै साधना' बन्ने चेतना हो । जब हरेक नागरिकले आफ्नो कामलाई सेवा ठान्छ, त्यो राष्ट्रमा नैतिक शासन जन्मिन्छ ।

**पारिवारिक र सामाजिक शिक्षाको भूमिकाः**

कर्म र धर्मको संस्कार बाल्यकालमै शुरु हुनुपर्छ । अभिभावकले सन्तानलाई केवल परीक्षा पास गर्न होइन, कर्ममा निष्ठा र धर्ममा विश्वास राख्न सिकाउनु पर्छ । विद्यालयले ज्ञान मात्र होइन, मूल्यको शिक्षा दिनुपर्छ । जब समाजले नैतिकता र श्रमलाई बराबर सम्मान दिन थाल्छ, तब कर्म र धर्मको एकता स्थायी बन्छ । अन्ततः कर्ममै धर्मको तेज हो ।

कर्म धर्मको प्रत्यक्ष रूप हो, धर्म कर्मको आत्मा हो । दुबैको मेलले जीवन र राष्ट्र दुवैमा उज्यालो ल्याउँछ । नेपालमा शासन, समाज, र व्यक्ति– तीनै तहमा यही समायोजनको आवश्यकता छ ।

जब शासन धर्ममा, नागरिक कर्ममा, र समाज चेतनामा बलियो हुन्छ, तब नेपाल पुनः विवेक, न्याय र करुणाको प्रतीक राष्ट्र बन्छ । नेपाल बाँच्नेछ, उठ्नेछ र स्वाबलम्बी बन्नेछ जब कर्म र धर्म दुबै एउटै दिशामा बग्नेछ, जब काम सेवा बन्नेछ र सेवा नै पूजा बन्नेछ । सन्तान जिम्मेबार र चेतनशील बन्नेछन् र अभिभावक देशको निकासमा तल्लीन हुनेछन् । रासस

## विपद् व्यवस्थापनको सारथीः

# पूर्वसूचना, प्रतिकार्य र पूर्वतयारी

प्रगति ढकाल

नेपालीहरूको महान् चाड दशैँको रमझम सकिनै बाँकी थियो । हजारौँ सर्वसाधारणहरू दशैँ मनाउन आफ्नै गाउँ फर्किएका थिए । निधारमा रातो टीका, जमरा लगाएर ओहोरदाहोर गर्ने क्रम जारी नै थियो । आफन्तको टीका थाप्न जानै बाँकी नै थियो होला ।

यही चाडपर्वको उल्लासमय समयमा आएको एउटा सूचनाले आम सर्वसाधारणलाई झस्कायो । जल तथा मौसम विज्ञान विभागले असोज १७ देखि २० गतेसम्म मुलुकका विभिन्न स्थानमा भारीदेखि अति भारी वर्षा हुने, बाढी–पहिरोको समेत जोखिम रहेको भन्दै जो जहाँ छ, उही सुरक्षित रहन सन्देश जारी गर्‍यो । त्यसपछि अन्य अन्तरसरकारी निकायहरूले विभागको सूचनालाई अनुशरण गर्दै विपद् व्यवस्थापनको पूर्वतयारीका लागि जुट्न थाले । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आज सोमबारसम्म कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न स्थानमा भारी वर्षा हुने सम्भावना रहेकाले लामो दूरीका तथा काठमाडौं उपत्यकाभित्र सञ्चालन हुने सवारीसाधन आवागमन तीन दिनसम्म रोक्ने निर्णय गर्‍यो ।

यस निर्णयले यसपटक बाढी–पहिरोका कारण सडक यात्रीहरूको ज्यान जान पाएन । भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री कुलमान घिसिङले सरकारको पूर्वतयारीका कारण भौतिक पूर्वाधारमा क्षति भए पनि विगतमा जस्तो सडकमा यात्रा गरिरहेका यात्रुहरूको धनजनको क्षति हुन नपाएको बताए ।

गत वर्षको असोजमा झ्याप्ले खोलामा आएको पहिरोका कारण यात्रुबाहक बस नै पुरिँदा ३५ भन्दा बढीको ज्यान गएको थियो । रातिको समयमा पहिरो खस्दा बुटवलबाट काठमाडौँका लागि छुटेको लु१ज ४५७८ नम्बरको माइक्रोबस, गोरखाबाट काठमाडौँका लागि हिँडेको ना४ख २२७० नम्बरको बस, चितवनबाट काठमाडौँका लागि हिँडेको बा३ज १३४५ नम्बरको माइक्रोबस पहिरोले पुरिएको थियो ।


गत वर्ष पनि जल तथा मौसम विज्ञान विभागले अति भारी वर्षा हुने र सकेसम्म यात्रा गर्न नहुने भन्दै पूर्वसूचना जारी गरेर सचेत गराएको थियो । विभागको सूचनालाई अन्य सरकारी संयन्त्रले नै विश्वास गरेन । सूचनाको बेवास्ता गर्‍यो । न यात्रुहरूले पत्याए, न सवारीधनीहरूले सूचनाको विश्वास गरेर केही दिन सवारीसाधन बन्द गर्न सके । यस वर्षजस्तो न त कडाइका साथ सवारीसाधन आवागमनमा रोक लगाइयो । गत वर्ष सरकार विपद् व्यवस्थापनका लागि आवश्यक पूर्वतयारीमा चुकेको सम्बन्धित विज्ञहरुले टिप्पणी गरेका थिए ।

गत वर्षको असोज १०, ११ र १२ गतेको भारी वर्षाले काठमाडौँ उपत्यकाको अधिकांश भाग डुबाउनमा परेको थियो । यहाँका बासिन्दाले नसोचेको विपद् बेहोर्नुपर्‍यो । काठमाडौँ उपत्यकालगायत मुलुकका अधिकांश स्थानमा भारी वर्षाले ल्याएको विपद्ले अझै पनि कयौँलाई तर्साइरहेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्कअनुसार तीन दिनको अवधिमा दुई सय ५० जनाले ज्यान गुमाए । अठार जना अझै बेपत्ता छन् भने १७८ जना घाइते भएका छन् ।

गत असार २८ गते पनि नारायणगढ–मुग्लिन सडकखण्ड अन्तर्गत सिमलतालको सिन्दुरे खोल्सीमा आएको डेब्रिज बहावका कारण सडकमा गुडिरहेका दुईवटा यात्रुबाहक बस बगाएको अप्रिय घटना अझै नेपालीको मनमस्तिष्कमा नमीठो सम्झना बनेर रहेको छ । यस पटक सरकारको राम्रो पूर्वतयारीका कारण अप्रिय घटनाहरू हुन पाएन ।

**पूर्वसूचनाको वेवास्ता गर्दा मानवीय क्षति**

जल तथा मौसम विज्ञान विभागले केही दिनअघि नै भारीदेखि अति भारी वर्षाका कारण बाढी–पहिरो जस्ता धनजनको क्षति हुनसक्ने भएकाले सतर्कता अपनाउन अनुरोध गर्दै आएको थियो । विभागले दिएको पूर्वसूचना बेवास्ता नगरेको भए लाङ्टाङमा पदयात्राका लागि निस्किएका भक्तपुरका चार जना बेपत्ता हुने थिएनन् ।



पदयात्रा त पछि पनि जान सकिन्थ्यो नि । खतरा छ भन्ने सूचना आउँदा आउँदै त्यसरी घरबाट निस्किनु हुन्थेन । रसुवाका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीका अनुसार गोसाइँकुण्ड गाउँपालिका–४ बेरिङ खोल्छामा आएको पानीले बगाउँदा भक्तपुर जिल्ला ठिमी नगरपालिका–३ एकै परिवारका संस्कृति श्रेष्ठ, किसन श्रेष्ठ र सङ्गीता श्रेष्ठसहित भक्तपुर नगरपालिका–१० का २३ वर्षीय रवी श्रेष्ठ बेपत्ता छन् । यस्ता अप्रिय घटनाका उदाहरणले अब भने सबैलाई पाठ सिकाओस् ।

**पहिरोको पनि पूर्वसूचना आवश्यक**

जल तथा मौसम विज्ञान विभागले बाढीको प्रभाव पर्ने सम्भावित क्षेत्रहरूमा पूर्वसूचना दिएर सर्वसाधारणहरूलाई सुरक्षित स्थानमा बस्न सहयोग गर्‍यो । तर बाढीको जस्तै पहिरोको पनि पूर्वसूचना प्रणालीको विकास नभएकै कारण पछिल्ला वर्षहरूमा पहिरोबाट हुने धनजनको क्षति बढ्दै गएको बताउँछन् पहिरोविद् डा सुवोध ढकाल ।

इलामका प्रमुख जिल्ला अधिकारी सुनिता नेपालका अनुसार पहिरोका कारण ३७ जनाको मृत्यु भएको छ । सूर्योदय नगरपालिका–१ मानेभञ्ज्याङमा पाँच, इलाम नगरपालिका–६ घोसमा छ जना, माङ्सेबुङ गाउँपालिका–१ मा तीन, देउमाई नगरपालिका–५ मा आठ, जोगमाई गाउँपालिकामा आठ, सन्दकपुर गाउँपालिकामा छ र फाकफोकथुम गाउँपालिकामा एक जनाको ज्यान गएको उनले जानकारी दिइन् ।

पहिरोविद् ढकालले पहिरोको जोखिम न्यूनीकरण गर्न पहिरो जानसक्ने स्थानको पहिचान गरी बस्ती स्थानान्तरण गर्नुपर्ने, त्यस्ता स्थानमा नबस्न सूचना दिनुपर्ने, पहिरोको पूर्वसूचनामा राज्यको लगानी बढाउनुपर्ने, समयमा खोज तथा उद्दार कार्यलाई प्राथमिकता दिनुपर्ने, जथाभावी रूपमा खनिने सडक पूर्वाधार रोक्नुपर्ने, वातावरणमैत्री विकासमा जोड दिनुपर्ने, पहिरो रोकथामका लागि सरकारले लगानी बढाउनुपर्नेमा जोड दिए ।

'नेपालजस्तो भौगोलिक मुलुकमा पहिरोको वर्षेनी जोखिम छ । कतिपय स्थानमा पुराना पहिरोमा बस्ती बसेका छन् । पुराना पहिरो दोहोरिएर जाने सम्भावना हुन्छ । तसर्थ, पहिरोको जोखिम भएको बस्ती तत्काल सुरक्षित स्थानमा सार्नुपर्छ,' उनले भने, 'सडक यातायात आवागमनमा रोक लगाएर अझ ठूलो क्षति हुन पाएन । दीर्घकालीन समाधानका लागि जोखिम भएका स्थानमा शुरुङ निर्माण गर्नुपर्छ । नेपालजस्तो मुलुकमा शुरुङमार्ग उचित विकल्प हो ।'

प्राधिकरणको तथ्याङ्क अनुसार गतवर्षको वैशाख १ गतेदेखि चैत १२ गतेसम्मको तथ्याङ्क हेर्दा पहिरोका कारण तीन सय ५९ जनाले ज्यान गुमाए भने ४८ जना अझै पनि बेपत्ता र दुई सय ८७ जना घाइते भएका छन् । सो अवधिमा तीन हजार छ सय ९२ घर आंशिक र दुई हजार १३ घर पूर्णरूपमा क्षतिग्रस्त भएका छन् । पहिरोका कारण ४० पुलमा क्षति पुगेको छ ।

त्यसैगरी, बाढीका कारण ९७ जनाको मृत्यु भएको छ भने १८ जना बेपत्ता र ४८ जना घाइते भएका छन् । भारी वर्षाका कारण आठ जनाले ज्यान गुमाएका छन् भने ३८ जना घाइते भएका छन् । हावाहुरीका कारण सात जनाको मृत्यु र ४२ जना घाइते भएका छन् । हिउँपहिरोका कारण एक जना बेपत्ता भएका छन् । पहिरोको पूर्वसूचना नभएकै कारण क्षति बढी भएको प्राधिकरणको भनाइ छ ।

**विगतको घटनाबाट पाठ सिकेर अघि बढेका छौँ : प्राधिकरण**

गत वर्षको असोजमा मुलुकले बाढी, पहिरो र डुबानको अप्रिय घटना सामना गर्नुपर्‍यो । राजधानीकै जनताको समयमा उद्धार हुन सकेन । पूर्वसूचना प्राप्त भए पनि अन्तरसरकारी निकायबीचको समन्वयको अभाव देखियो । पूर्वतयारी पर्याप्त थिएन । त्यसबेला सरकारले आलोचना समेत खेप्नुपरेको थियो । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# वर्षा रोकिएसँगै काठमाडौँ उपत्यकाको जनजीवन सामान्य बन्दै

**काठमाडौँ ।**
केही दिनदेखि निरन्तर परिरहेको अविरल वर्षा र प्रतिकूल मौसमका कारण असामान्य बनेको काठमाडौँ उपत्यकाको जनजीवन आइतबार वर्षा रोकिएसँगै पुनः सामान्य बन्दै गएको छ ।
अहिले यहाँका सडक, यातायात, व्यवसाय र सर्वसाधारणको दैनिकी क्रमशः सामान्य स्थितिमा फर्किन थालेको छ । उपत्यकामा लगातारको झरीका कारण जनजीवन प्रभावित भएको थियो । मुख्य सडकदेखि गल्लीसम्म पानी जम्ने, ट्राफिक जाम बढ्ने, पैदल हिँड्नसमेत गाह्रो हुन्े अवस्था थियो । आइतबार बिहानदेखि मौसममा सुधार आएपछि काठमाडौँका सडकमा गाडीको चाप बढेको छभने सर्वसाधारणको चहलपहल पनि पुनः बढेको छ ।
शुक्रबारदेखि परेको लगातारको वर्षाले केही दिन काठमाडौँको सडक नेटवर्क प्रभावित भए पनि हाल काठमाडौँका सबै प्रमुख सडक सञ्चालनमा आएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवम् प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए । उनले भने, 'शुक्रबारदेखि परेको वर्षाका कारण यहाँको जनजीवन केही असमान्य बनेको थियो, आइतबारदेखि मौसममा सुधार आएको छ, सडकमा गाडीको चाप पनि सामान्य अवस्थामा फर्किएको देखिन्छ ।'
काठमाडौँ उपत्यका भित्रिने र बाहिरिने नाकासहित नागढुङ्गा, अरनिको राजमार्ग, टोखा सडकखण्डलगायतका मार्ग नियमित सञ्चालन भइसकेका तथा पहिरोको अवरोधका कारण रोकिएका केही सवारीसाधन आवागमन पनि अहिले सञ्चालनमा आइसकेका प्रवक्ता सुवेदीले बताए ।
वर्षा रोकिएसँगै काठमाडौँका बजार क्षेत्रमा पनि मानिसहरुको भीड देखिन थालेको छ । अहिले दैनिक उपभोग्य लगायतका सामग्री किनमेल गर्नेको संख्यामा वृद्धि भएको छ । असन, इन्द्रचोक, न्युरोड, पुरानो बानेश्वर, गोङ्गबुलगायतका व्यापारिक क्षेत्रमा उपभोक्ताको उपस्थिति बढ्दै गएको व्यवसायीले बताएका छन्् ।
वर्षाका कारण जनजीवन असमान्य भएको काठमाडौँमा अहिले वर्षा रोकिएर घाम लागेपछि स्थानीय र व्यवसायीहरुले राहतको महसुस गरेका पुरानो बानेश्वरस्थित फेन्सी पसल सञ्चालक सरिता थापाले बताईन् । उनले भनिन्, 'शनिबारसम्म यहाँका सडकमा हिँड्नै सक्ने अवस्था थिएन, आइतबारसम्म जताततै पानी जमेको अवस्था थियो, आज मौसम खुलेर घाम लागेकाले निकै सहज भएको छ ।'
जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखले हाल देशभर मनसुनी वायुको प्रभाव कायमै रहेको जनाएको छ । महाशाखाका अनुसार कोशी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा साधारणतया बदली रही बाँकी भागमा आंशिक बदली रहने जनाएको छ । यसैगरी कोशी, बागमती, लुिम्बनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै तथा बाँकी प्रदेशका पहाडी तथा तराईका भू–भागका स्थानमा मेघगर्जन–चट्याङसहित मध्यम वर्षाको सम्भावना रहेको छ ।
सोमबार राति कोशी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा साधारणतया बदली रही बाँकी भूभागमा आंशिक बदली रहने महाशाखाले जनाएको छ । कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा तराईका भूभागका थोरै स्थानमा मेघगर्जन–चट्याङसहित मध्यम वर्षाको सम्भावना रहेको जनाइएको छ । रासस

# बाढीपहिरोबाट विभिन्न राजमार्गमा यातायात अवरुद्ध

**काठमाडौँ।**
बाढीपहिरोका कारण देशभरका १८ राजमार्गमा यातायात सेवा पूर्णरुपमा अवरुद्ध भएका छन्।
प्रहरी प्रधान कार्यालयका अनुसार सङ्खुवासभाको भोटखोला गाउँपालिका–४ स्थित कोशी राजमार्ग, मकालु गाउँपालिका–३ स्थित कोशी राजमार्ग पूर्णरुपमा अवरुद्ध भएको छ । यसैगरी, ओखलढुङ्गाको मानेभञ्याङ गाउँपालिका–६ र ७ जोड्ने सिद्धिचरण लोकमार्ग, उदयपुरको कटारी नगरपालिका–१४ दलदलेमा रहेको सिद्धिचरण राजमार्ग पूर्णरुपमा अवरुद्ध भएको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिए । यस्तै, धनकुटाको पाख्रिबास नगरपालिका–५ ढिकुरेस्थित मध्यपहाडी लोकमार्ग, धनकुटाकै साँगुरीगढी गाउँपालिका–१ स्थित कोशी लोकमार्ग, इलामको इलाम नगरपालिका–९ राजदुवालीलगायत मेची राजमार्गका विभिन्न स्थान अवरुद्ध भएका छन् ।
यसैगरी, रसुवाको गोसाइँकुण्ड गाउँपालिका–२ स्थित नेपाल चीन मितेरी पुल, सोही गाउँपालिका–५ स्याप्रुबेँसीलगायतका चार स्थानमा पूर्णरुपमा बाटो अवरुद्ध भएको प्रहरीले जनाएको छ ।
सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका–४ चारकिलोस्थित अरनिको राजमार्ग, काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका–११ माम्तीखोलास्थित बिपी राजमार्ग पूर्णरुपमा अवरुद्ध भएको छ।
वर्षाका कारण आएको बाढीपहिरोबाट मकवानपुरको बकैया गाउँपालिका– ११ घट्टेखोलास्थित कान्ति लोकपथ, मकवानपुरकै भीमफेदी गाउँपालिका–८ स्थित कान्ति लोकपथ, मकवानपुरकै इन्द्रसरोवर गाउँपालिका–३ स्थित कुलेखानी दक्षिणकाली सडक पूर्णरुपमा अवरुद्ध भएको प्रहरी प्रवक्ता घिमिरेले बताए।
यसैगरी, सिन्धुलीको फिक्कल गाउँपालिका–६ नागस्थानस्थित मध्यपहाडी लोकमार्ग र सिन्धुलीकै सुनकोशी गाउँपालिका–१ नेपालथोकस्थित बिपी राजमार्गसमेत अवरुद्ध भएको प्रहरीले जनाएको छ ।रासस

# ९१ प्रतिशतलाई स्वच्छ खानेपानीको सुविधा



**तनहुँ।**
तनहुँका ९१ दशमलव १० प्रतिशत जनसंख्यालाई स्वच्छ खानेपानी सुविधा पुगेको छ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका अनुसार जिल्लाका तीन लाख २१ हजार १५३ जनसंख्यामध्ये दुई लाख ९२ हजार ५७० जनामा स्वच्छ खानेपानी सुविधा पुगेको हो।
कार्यालय प्रमुख शम्भुराज खनालले आधारभूत स्तरको खानेपानी पहुँच ५६ दशमलव ७१ प्रतिशत र मध्यमस्तरको खानेपानी पहुँच ३४ दशमलव ३९ प्रतिशत जनतामा पुगेको जानकारी दिए । घरघरमा स्वच्छ र पर्याप्त पानी उपलब्ध भएपश्चात् स्थानीय करेसाबारीमा तरकारी उत्पादन गर्न आयआर्जनमा जोडिएको उनको भनाइ छ।
जिल्लामा गत आर्थिक वर्षमा दुई हजार ९२७ घरधुरीमा खानेपानी सुविधा विस्तार भएको छ । गण्डकी प्रदेश सरकारमार्फत दुई हजार २२१, सङ्घ सरकार ससर्त कार्यक्रममार्फत २२६ र विशेष अनुदानमार्फत ४८० घरधुरीमा खानेपानी सुविधा विस्तार गरिएको खनालले बताए।
अघिल्लो आर्थिक वर्ष २०८०–८० मा जिल्लाका दुई हजार घरधुरीमा खानेपानी सुविधा विस्तार गरिएको थियो । त्यस्तै आर्थिक वर्ष २०७९–८० मा दुई हजार १२८, आर्थिक वर्ष २०७८–७९ मा दुई हजार २९७, आर्थिक वर्ष २०७७–७८ मा चार हजार ३१७, आर्थिक वर्ष २०७६–७७ मा दुई हजार ३५४ र आर्थिक वर्ष २०७५–७६ मा एक हजार ९०४ घरधुरीमा खानेपानी सुविधा पुगेको खनालले बताए । चालु आर्थिक वर्ष २०८२–८३ मा जिल्लाका चार हजार ३ सय घरधुरीमा खानेपानी सुविधा विस्तार गर्ने लक्ष्य रहेको खनालको भनाइ छ । प्रदेश सरकारमार्फत दुई हजार, सङ्घ सरकार ससर्तमार्फत ८०० र विशेष अनुदानमार्फत एक हजार ५ सय घरधुरीमा खानेपानी सुविधा विस्तार गरिने खनालले उल्लेख गरे।
कार्यालयले नयाँ खानेपानी आयोजनाहरुको माग, सर्वेक्षण, डिजाइन, खानेपानी आयोजनाको निर्माण कार्य कार्यान्वयन, आयोजनाको सामग्री निकासा, खानेपानी आयोजनाको निर्माणमा प्राविधिक सहयोग, आयोजनाको अनुगमन, निरीक्षण, सुपरिवेक्षण, आयोजनामा भए गरेका कार्यको मूल्याङ्कन तथा भुक्तानी लगायतका कार्य गर्दै आएको छ। रासस

# हेटौँडा–काठमाडौँ जोड्ने दुई सडक सञ्चालनमा

**बागमती।**
अविरल वर्षाका कारण अवरुद्ध भएको हेटौँडा–काठमाडौँ जोड्ने दुई सडक सोमबार बिहानदेखि सञ्चालनमा आएका छन् ।
सडकमा खसेको पहिरो पन्छयाएपछि आज बिहानदेखि हेटौँडा–कुलेखानी–फाखेल–फर्पिङ सडक खण्ड र हेटौँडा–पालुङ–नौबिसे सडक खण्ड सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक ठाकुर सापकोटाले जानकारी दिए । उनका अनुसार पहिरो खस्दा अवरुद्ध बनेको हेटौँडा–काठमाडौँ जोड्ने भीमफेदी–कुलेखानी–सिस्नेरी सडक र कान्ति लोकपथ सडक भने अझै सञ्चालनमा आउन सकेका छैनन्।
भीमफेदी–कुलेखानी–सिस्नेरी सडक खण्डमा पर्ने डोढारे खोलाले सडकको केही भाग बगाएको र दक्षिणकाली मन्दिर नजिकै पहिरो गएकाले सवारीसाधन सञ्चालनमा आउन नसकेको प्रहरी निरीक्षक सापकोटाले बताए । बगाएको सडक पुनर्निर्माण तथा पहिरो पन्छयाउने कार्य भइरहेको उनको भनाइ छ।
यस्तै हेटौँडा–काठमाडौँ जोड्ने कान्तिलोकपथ सडकमा पर्ने बगुवा खोलासम्म पहिरो खसेर सडकको केही भाग बगाएको प्रहरी निरीक्षक सापकोटाले बताए।
ठाउँठाउँमा खसेको पहिरो पन्छयाउने र सडक मर्मतको कार्य भइरहेको प्रहरीले जनाएको छ। रासस

# मनाङको प्रदेशसभा–२ को उपनिर्वाचन स्थगित

**काठमाडौँ ।**
निर्वाचन आयोगले आगामी कात्तिक १७ गतेका लागि तोकिएको मनाङ जिल्ला प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ को प्रदेशसभा निर्वाचन क्षेत्र नं २ को उपनिर्वाचनका सम्पूर्ण कार्यक्रम स्थगन गरेको छ ।
आयोगले यही असोज १९ गतेको निर्णयानुसार पूर्वप्रकाशित निर्वाचन कार्यक्रमबमोजिमका सम्पूर्ण कार्य हाललाई स्थगन गरिएको जनाएको छ । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।
निर्वाचन आयोग ऐन, २०७३ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिम कात्तिक १७ का लागि तोकिएको उपनिर्वाचन गत भदौ २३ गतेदेखि भएको आन्दोलनका कारण स्थानीय प्रशासनबाट 'कर्फ्यू' आदेश जारी भई पूर्वनिर्धारित निर्वाचन कार्यतालिकाबमोजिमका कार्यक्रम कार्यान्वयनमा समेत असर परेकाले अर्को निर्वाचन कार्यक्रमपछि प्रकाशन गर्नेगरी स्थगन गरिएको विज्ञप्तिमा जनाइएको छ ।
आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहितका आयुक्तले आइतबार नेपाल सरकारका अर्थमन्त्री रामेश्वरप्रसाद खनाल, गृहमन्त्री ओमप्रकाश अर्याल, कानून, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हालगायतसँग प्रतिनिधिसभाको आगामी फागुन २१ मा हुन्े प्रतिनिधिसभाको निर्वाचनको तयारीका विषयमा छलफल गरेका थिए ।
छलफलमा आयोगले आफ्नो तयारी र कामकारबाहीबारे अवगत गराएको थियो भने सरकारका तर्फबाट निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र मितव्ययी रूपमा सम्पन्न गर्ने विषयमा आवश्यक पर्ने स्रोतसाधन, शान्तिसुरक्षाको भरपर्दो व्यवस्थासहितको सहयोग उपलब्ध हुने प्रतिबद्धता व्यक्त गरेका थिए । रासस

# निजी क्षेत्रको मनोबल बढाउन सरकार प्रयत्नशील



**काठमाडौँ ।**
अर्थमन्त्री रामेश्वर खनालले निजी क्षेत्रको मनोबल बढाउन सरकार निरन्तर प्रयत्नशील रहेको बताएका छन् ।
नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल उद्योग परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डे र नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवालसँग सोमबार भएको भेटमा अर्थमन्त्री खनालले यस्तो धारणा राखेका हुन् ।
सरकारले पुनर्निर्माणका लागि राजस्व छुट, बैंकिङ सहुलियत र बिमामा सहजीकरणका कार्यक्रम सार्वजनिक गरेको उल्लेख गर्दै अर्थमन्त्री खनालले सन्दर्भ मूल्य खारेज गरी भन्सारमा 'अनलाइन डेटाबेस' प्रणाली लागू गरिएपछि बजारमा पारदर्शी कारोबारले प्रश्रय पाउने बताए ।
यही असोज ९ गते अर्थमन्त्री खनालले उद्घाटन गरेका उक्त प्रणालीले हरेक छ महिनामा परिमार्जन हुने सन्दर्भ पुस्तिकाका विषयमा व्यवसायीको गुनासो सम्बोधन गर्ने अपेक्षा गरिएको छ । यस विधिमा जाँचपास भएका सबै वस्तुको मूल्य विवरण सङ्ग्रह गरिने जनाइएको छ । प्रणाली भन्सार जाँचपासमा आएका वस्तुको विश्लेषण र तुलना गर्न मिल्ने डिजिटल स्रोत हो, जसले कारोबार मूल्य पहिचान गर्न सहयोग गर्छ ।
निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाका अध्यक्षहरूले सरकारको कदमको प्रशंसा गरेका थिए । निजी क्षेत्रको मागबमोजिम जडित नयाँ 'डेटाबेस' प्रक्रियाको उपयोग गर्न तीनै संस्थाले सदस्य एवम् उद्यमी व्यवसायीलाई आग्रह गरेका छन्् ।
त्यस अवसरमा उहाँहरूले 'जेन्जी' प्रदर्शनका क्रममा निजी क्षेत्रका व्यापारिक प्रतिष्ठानमाथि भएको तोडफोड, लुटपाट र आगजनीमा संलग्नमाथि कारबाहीको माग गरे । दोषीमाथि छानबिन भई कारबाही नहुने हो भने निजी क्षेत्र थप निरुत्साहित हुने हुँदा तत्काल कानूनी कारबाही गर्नुपर्ने उनीहरूको माग थियो ।
निजी क्षेत्र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता कायम गर्ने कार्यमा निरन्तर क्रियाशील रहने बताउँदै उनीहरूले सरकारले पनि उद्यमी व्यवसायीले निर्वाध रूपमा काम गर्न पाउने वातावरण बनाउनुपर्नेमा जोड दिए ।
सरकारले निजी क्षेत्रका माग सम्भव भएसम्म तत्काल सम्बोधन गरिरहेको हुँदा निजी क्षेत्रले पनि इमान्दारितापूर्वक व्यावसायिक आचारसंहिताअनुरुप व्यवसाय गर्न अध्यक्षहरूले उद्यमी व्यवसायीलाई आग्रह गर्ने बताएका थिए । 'वर्तमान सरकारको मुख्य लक्ष्य निर्वाचन भए पनि सुधारको जग बसाल्ने अवसर पनि हो । लगानी र अन्य स्रोत आकर्षित गर्न निजी क्षेत्रको अगुवाइ वा संलग्नतामा बहुपक्षीय वित्त सम्मेलन आयोजना गरी सबै सरोकारवालालाई आश्वस्त पार्नुपर्ने आवश्यकता छ,' उनीहरूले भनेका थिए ।
निर्वाचनले नै खुला बजार र लोकतान्त्रिक व्यवस्था बलियो हुने हुँदा समयमै निर्वाचन गर्न सहयोग र सहकार्य गर्न निजी क्षेत्र तयार रहेको पनि उनिहरूले प्रतिबद्धता व्यक्त गरे । रासस

# मनसुन बाहिरिए पनि दुई प्रदेशमा वर्षाको सम्भावना

**काठमाडौँ ।**
जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान महाशाखाले नेपालको पश्चिमी भूभागबाट यस वर्षको मनसुन बाहिरिए पनि कर्णाली र सुदूरपश्चिम प्रदेशमा वर्षाको सम्भावना रहेको जनाएको छ ।
महाशाखाले सोमवार मनसुन बाहिरिए पनि पश्चिमी वायूको प्रभावका कारण विशेष गरी सोमबार र मङ्गलबार कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका हिमाली, पहाडी र तराईका भूभागका केही स्थानमा मध्यम वर्षाको सम्भावना रहेको जनाएको हो ।
महाशाखाका अनुसार हाल कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा साधारणतया बादल लागेको र ती प्रदेशका एक–दुई स्थानमा हल्का वर्षासमेत भइरहेको छ ।
ती प्रदेशका हिमाली भूभागका थोरै स्थानमा हल्का हिमपातसमेत हुने सम्भावना रहेको महाशाखाले जनाएको छ । विशेष गरी कृषि र पर्यटन क्षेत्रमा प्रभाव पर्न सक्ने भएकाले सतर्कता अपनाउन आग्रह गरिएको छ ।
विभागका अनुसार चार दिन ढिला गरेर नेपालबाट मनसुन बाहिरिन थालको छ । मनसुन सामान्यतया २ अक्टोबरमा बाहिरिने भए पनि चार दिनजस्तो ढिला गरी आजदेखि मात्रै बारिन थालेको विभागले जनाएको छ ।
'यस वर्षको मनसुन नेपालको सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेशलगायत लुम्बिनी प्रदेशको पश्चिमी भू–भागको धेरै स्थानहरू र गण्डकी प्रदेशको पश्चिमी भूभागको थोरै स्थानबाट बाहिरिएको छ,' विभागद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।
महाशाखाका मौसमविद् रोजन लामिछानेले प्रायः मनसुन बर्हिगमन हुने समयमा सक्रिय हुने गरेको जानकारी दिए । 'सामान्यतया अक्टोबर २ मा मनसुन बाहिरिने गर्छ, तर कहिलेकाहीँ मनसुन लम्बिन पनि सक्छ । यो वर्ष सरदर मितिभन्दा केही ढिला गरी मनसुन बहिरगमन भएको छ,' उनले भने । रासस

# उब्जाउ जमिन नासिँदै कृषि उत्पादन घट्दै



**गण्डकी ।**
कृषियोग्य जग्गाको खण्डकीकरण र जग्गा बाँझो छाड्ने प्रवृत्तिका कारण गण्डकी प्रदेशमा धानलगायत मुख्य खेतीबालीको उत्पादनमा कमी आएको छ ।

उब्जाउ जमिनमा भइरहेको तीव्र बस्ती विस्तार र ठूला पूर्वाधार विकासका गतिविधिले पनि कृषि उत्पादनमा ह्रास ल्याएको हो । प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका अनुसार धानखेतीको क्षेत्रफल बर्सेनि घट्दो क्रममा देखिएको छ ।

आव २०७९–८० मा ९७ हजार ७ सय ६९ हेक्टरमा धानखेती गरिएकामा गत वर्ष रोपाइँको क्षेत्रफल घटेर ९६ हजार ५३ हेक्टर पुगेको थियो । यस वर्ष ९४ हजार सय १८२ हेक्टरमा धान रोपाइँ भएको मन्त्रालयका सचिव वासुदेव रेग्मीले बताए ।

‘बर्सेनि औसत दुई हजार हेक्टरले रोपाइँको क्षेत्रफल घटिरहेको छ’, उनले भने, ‘घरघडेरीका नाममा उब्जाउ जमिन नासिँदै जाँदा यो समस्या आएको हो ।’

कृषिमा घट्दो आकर्षण, पहाडी भेगमा बढ्दो बसाइँसराइ, वैदेशिक रोजगारीप्रति आकर्षण, कृषि जनशक्तिको अभाव आदि कारणले खेतीयोग्य जमिन बाँझो रहन पुगेको सचिव रेग्मीको भनाइ छ । पहाडी जिल्लामा हिउँदे बाली विस्तार तथा प्रवद्र्धनका लागि किसानलाई अनुदानलगायत प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिएको उनले बताए ।

हिमालपारिको जिल्ला मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा बर्खे र चैते धानखेती हुँदै आएको छ । यहाँका अन्य मुख्य खाद्यान्न बालीमा मकै, कोदो, फापर, जौलगायत हुन् । बर्खे र चैते गण्डकीमा झन्डै एक लाख हेक्टरमा धानखेती हुने गरेको सचिव रेग्मीले बताए । नवलपुर, कास्की, स्याङ्जा, तनहुँलगायत जिल्लामा धान खेतीको क्षेत्रफल बढी छ ।

धानखेतीका लागि गोरखाको छेवेटार, पालुङटार, आरुघाट, सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार, करापुटार, तनहुँको चुँदीफाँट, सत्रसय फाँट, कलेस्तीफाँट, कास्कीको मकैखोला, हाँडीखोला, पामे र लेखनाथ धानको पकेट क्षेत्र हुन् ।

पर्वतको फलेबास, जलजला, स्याङ्जाको पुतलीबजार, आँधीखोला, गल्याङ, म्याग्दीको भगवती, पिप्ले, घतान, बागलुङको बडिगाड, गलकोट, जैमिनी र नवलपुरको कावासोती, गैँडाकोटलगायतलाई धानका पकेट क्षेत्र तोकिएको छ । गण्डकीमा सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनुसली, सुनौलो सुगन्धलगायत जातका धानखेती गरिन्छ ।

धानखेतीको क्षेत्रफल घट्दै गए पनि धानको उत्पादकत्व भने वृद्धि भइरहेको सचिव रेग्मीले बताए । दुई वर्षअघि प्रतिहेक्टर तीन दशमलव छ मेट्रिक टन धान उत्पादन भएकामा गत वर्ष बढेर प्रतिहेक्टर तीन दशमलव ७३ मेट्रिक टन धान उत्पादन भएको थियो । अनुकूल मौसम, रासायनिक मलको उपलब्धता, धानमा प्रकोपजन्य रोग नलाग्नु, सिँचाइ सुविधा, उन्नत बीउबिजन आदि कारणले धानको उत्पादकत्व वृद्धि भएको हो ।

‘सिँचाइ, खेती प्रणालीमा सुधार, रोगकिरा नियन्त्रण, उन्नत बीउ, प्रविधि र मल व्यवस्थापन बेलैमा हुन सके किसानले थोरै क्षेत्रफलमा पनि धेरै धान फलाउन सक्छन’, सचिव रेग्मीले भने, ‘तुलनात्मक रुपमा हेर्दा धानखेतीको क्षेत्रफल धेरै घटेको छैन, रोपाइँ हुने खेत कमै मात्र बाँझो देखिन्छ, अन्य खाद्यान्न बालीको भने क्षेत्रफल र उत्पादकत्व दुवै घट्दो क्रममा छ ।’

व्यावसायिक कृषि उत्पादनमा जोड दिन सकेमा बाँझो जग्गाको सदुपयोग हुने उनको भनाइ छ । त्यसका लागि गण्डकी प्रदेशका २९ स्थानमा चक्लाबन्दी खेतीसमेत शुरु गरिएको मन्त्रालयले जनाएको छ । प्रदेश सरकार स्थापना भएयता छ जिल्लाका २९ स्थानमा कुल पाँच हजार ४९६ खेतीयोग्य भूमिको चक्लाबन्दी गरिएको मन्त्रालयको आँकडाले देखाएको छ ।

मन्त्रालयको भूमि स्रोत नक्साङ्क महाशाखाका अनुसार कास्की, तनहुँ, बागलुङ, मुस्ताङ, स्याङ्जा र नवलपुरमा चक्लाबन्दी खेती गरिएको हो । चक्लाबन्दी गरिएको जग्गामा कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि १० वटा समूह–सहकारीलाई यन्त्र, उपकरण खरिदमा समेत सहयोग गरिएका उक्त महाशाखाले जनाएको छ ।

छरिएर रहेको कृषियोग्य भूमिलाई एकीकरण गरी कृषिक्षेत्रको आधुनिकीकरण र यान्त्रीकरणमार्फत उत्पादन लागत घटाउन जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालनमा ल्याइएको हो । लागत अनुमानका आधारमा चक्लाबन्दीका लागि ९० प्रतिशतसम्म अनुदान मन्त्रालयले दिएको छभने १० प्रतिशत किसानको लगानी छ । वर्षौंदेखि बाँझो रहेका जग्गामा समेत चक्लाबन्दीपछि व्यावसायिक खेती गर्न थालिएको छ ।रासस

# ‘अहिलेसम्म रासायनिक मल भित्रिएको छैन’



**म्याग्दी ।**
म्याग्दीको अन्नपूर्ण गाउँपालिका –७ टिकोटका वुद्धीवीर पुनले तरकारी खेतीबाट वार्षिक सात लाख रुपैयाँ सम्म आम्दानी गर्छन । पन्ध्र रोपनीमा बन्दा, साग, आलु लगायत ताजा तरकारी र पाँच रोपनीमा किवी खेती गरेका ४६ वर्षीय पुन तरकारी र फलफुल खेतीबाट स्वरोजगारसँगै आत्मनिर्भर बन्नुभएको हो । १६ वर्षअघि तरकारी खेती गर्नुअघि पुनले रोजगारीका लागि पाँच वर्ष कतारमा श्रम र पसिना बगाएका थिए ।

‘कृषिमा परिश्रम गरे राम्रो आम्दानी लिन सकिने मेरो अनुभव छ,’ उनले भने ‘ताजा तरकारी विक्री गरेर वार्षिक रुपमा पाँच रुपैयाँ देखि सात लाख सम्म आम्दानी हुन्छ ।’ साँझ बिहान तरकारी र किबीको फार्मको स्याहार सुसारमा व्यस्त वडा सदस्य समेत रहेका पुनले दिउँसोको समय सामाजिक काममा दिनुहुन्छ ।

टिकोटको छिमेकी वस्ति घराम्दीका बासिन्दा रहेका अन्नपूर्ण गाउँपालिका–७ का पुर्व वडा अध्यक्ष गमप्रसाद फगामी पनि कार्यकाल सकिएपछि ब्यवसायिक तरकारी खेतीमा सक्रिय छन । फगामीले पाँच रोपनी जग्गामा काँक्रो, बोडी, सिमी, गोलभेडा, बन्दा, काउली र साग खेती गरेका छन ।

गोलभेडा खेतीका लागि उनले तीन वटा पलास्टिक टनेल बनाएका छन । फगामीका छिमेकी बाहालवाला वडा सदस्य गेमबहादुर पुनले ताजा र बेमौसमी तरकारीका साथै व्यवसायिक रुपमा आलु खेती गर्दै आएका छन । घराम्दी र टिकोटका कृषकले उत्पादन भएको तरकारी र आलु सदरमुकाम बेनी र प्रदेशको राजधानी पोखरामा बिक्री हुने गरेको छ ।

यहाँ ५० जना भन्दा बढी व्यवसायिक किसान छन् । गाडीले तरकारी बोकेर बजार लैजाने गरेको छ । यहाँबाट वार्षिक दुई करोड रुपैयाँ भन्दा बढी मूल्यको आलु र . एक करोड रुपैयाँ बराबरको बन्दा बिक्री हुने गरेको वडा सदस्य वुद्धिविर पुनले बताए । टिकोट र घराम्दी समुन्द्रि सतहदेखि दुई हजार तीन सय मिटर उचाईमा रहेको छ ।

चिसो हावापानीमा जैविक विधिबाट उत्पादन भएको तरकारी स्वस्थकर र स्वादिलो हुने भएकाले उपभोक्ताको रोजाईमा परेको छ । अन्नपूर्ण गाउँपालिकाले टिकोटमा तरकारी पकेट कार्यक्रम सञ्चालन गरेको कृषि अधिकृत श्याम शरण कुर्मीले बताए । कार्यक्रम मार्फत कृषकहरुलाई तरकारी खेतीका लागि आवश्यक विउ, टनेल, सिचाई सामग्री उपलब्ध गराएको उनले बताए ।

खर्चिलो र मानव स्वास्थ्यका लागि प्रतिकुल मानिएको रासायनिक विषादी र मलको विकल्पमा जैविक बिधीबाट तरकारी खेती गरेका छन् । टिकोटका किसान टिका तिलिजा पुनले तरकारीमा रोगकिरा लाग्न नदिन र नियन्त्रण गर्नका लागि गाईभैसीको मलमुत्र प्रयोग गरेको बताए ।

‘प्लास्टिकको बोतलमा संकलन गरेर राखेको गाईभैसीको मुत्रलाई आवश्यक पर्दा बिरुवाको जरा, जरामा हाल्छौ,’ उनले भने ‘ टिकोटमा रासायनिक मल पनि अहिलेसम्म भित्रिएको छैन् ।’ यहाँका किसानको प्रत्येक गोठमा गाईभैसीको मुत्र संकलन गरेर राखेका छन् ।रासस

# हिमालयन एभरेस्टद्वारा २२ करोड भुक्तानी

**काठमाडौँ ।**
हिमालयन एभरेस्ट इन्स्योरेन्स लिमिटेडले गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा क्षति पुगेका सम्पत्तिहरुको यथाशिघ्र दावी भुक्तानी गर्ने प्रक्रिया आरम्भ गरेको छ ।

हालसम्म हिमालयन एभरेष्ट मार्फत बिमा भई क्षतिपूर्ति दावी गरिएका २ सय ८७ वटा दाबीमध्ये हालसम्म २ सय ४५ वटा दावी बापत २१ करोड ७४ लाख ४५ हजार ८ सय ३१ रुपैयाँ भुक्तानी गरेको जनाएको छ । दावी भुक्तानी रकम जेनजी आन्दोलनका क्रममा क्षति पुगेका सम्पत्तिहरुको अग्रिम तथा अन्तिम दावी भुक्तानी बापत रहेको कम्पनीले जनाएको छ ।

नियामकीय प्रावधानभित्र रही सरल र सहज दावी भुक्तानीका लागि कम्पनी प्रतिवद्ध रहेको दावी विभाग प्रमुख रोजराज लुइँटेलले बताए । साथै, उच्च प्राथमिकताका साथ भइरहेको दावी भुक्तानी २१ गते मंगलबारबाट पुनः यथावत हुने कम्पनीले जनाएको छ । हिमालयन एभरेस्ट इन्स्योरेन्सले विषम परिस्थितिलाई ध्यानमा राख्दै, बीमित ग्राहकको सुविधा र आर्थिक राहतका लागि शीघ्र भुक्तानी प्रक्रिया अघि बढाएको हो ।

यस प्रयासले बीमितलाई विषम परिस्थितिमा आर्थिक राहत र संरक्षण सुनिश्चितता प्रदान गर्ने उद्देश्य राखेको उल्लेख गरेको छ ।यसका साथै, हिमालयन एभरेष्टमार्फत बीमा भई क्षतिपूर्तिको दावी भुक्तानी बाँकि रहेका बिमितहरुलाई आवश्यक कागजात र प्रक्रिया पुऱ्याइ आफूलाई पायक पर्ने कम्पनीको नजिकको शाखा वा केन्द्रीय कार्यालयमा सम्पर्क गर्न समेत कम्पनीले अनुरोध गरेको छ । आन्दोलनका क्रममा ज्यान गुमाएका सहिद्प्रति श्रद्धाञ्जली व्यक्त गर्दै कम्पनीले घाइतेको शीघ्र स्वास्थ्य लाभको कामनासमेत गरेको छ ।

# २ लाख ७१ हजारभन्दा बढी मानिसको स्थानान्तरण



**चीन ।**
दक्षिण चीनमा आएको ‘तुफान माट्मो’ का कारण २ लाख ७१ हजार ५ सय भन्दा बढी मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ ।

२०२५ प्रशान्त टाइफुन मौसमको २१ औँ नाम दिइएको आँधी ‘तुफान माट्मो’ आइतबार दिउँसो करिब २ः५० बजे ग्वाङ्डोङ प्रान्तको झानजियाङ सहरस्थित जुवेन काउन्टीको पूर्वी तटीय क्षेत्रमा प्रवेश गरेसँगै दक्षिण चीनका विभिन्न क्षेत्रमा आपतकालीन अवस्था घोषणा गरिएको छ ।

ग्वाङ्डोङ मौसम सेवा अनुसार आँधीको केन्द्रमा अधिकतम हावाको वेग प्रतिसेकेन्ड ४२ मिटर पुगेको थियो भने केन्द्रीय न्यूनतम वायुमण्डलीय दबाब ९६५ हेक्टोपास्कल मापन गरिएको थियो । आँधीको प्रभावका कारण ग्वाङ्डोङले आफ्नो तुफान आपतकालीन प्रतिक्रिया प्रणालीलाई सबैभन्दा उच्च स्तरमा बढाएको छ ।

राष्ट्रिय दिवस र मध्य–शरद उत्सवको आठ दिने विदा आइतबार पाँचौँ दिनमा प्रवेश गर्दा रेलवे प्राधिकरणले यात्रु सुरक्षाका लागि रेल मार्गमा अस्थायी परिवर्तन, सञ्चालन स्थगन लगायतका कदम चालेको छ ।

ग्वाङ्सी झुवाङ स्वायत्त क्षेत्रमा सबै तटीय यात्री डुङ्गा मार्गहरू बन्द गरिएका छन् । उक्त क्षेत्रमा रहेको वेइझोउ टापुबाट करिब २६ हजार पर्यटकलाई सुरक्षित स्थानमा सारिएको छ । त्यहाँका तटीय आयोजना र बन्दरगाहका काम पनि रोकिएका छन् ।

ग्वाङ्सी समुद्री प्रशासनले आइतबार बिहानै सबैभन्दा उच्च स्तरको आपतकालीन प्रतिक्रिया सक्रिय गर्दै २० हजारभन्दा बढी माछा मार्ने डुङ्गा बन्दरगाह फर्काएको छ भने ८८९ वटा अन्य जहाजलाई बन्दरगाहमै सुरक्षित गरेको छ ।

हाइनान प्रान्तमा मात्र आइतबार दिउँसोसम्म १ लाख ९७ हजारभन्दा बढी नागरिकलाई उच्च जोखिमयुक्त क्षेत्रबाट सुरक्षित स्थानमा सारिएको छ । हाइनानका पानी आपूर्ति विभागहरूले बिजुली आपूर्ति सुनिश्चित गर्न ३ हजार ९०० भन्दा बढी आपतकालीन जेनेरेटर, तेल, बिजुली उत्पादन गाडी र अन्य सामग्री उपलब्ध गराएको छ ।

हाइकोउ सहरका ७१ वटा होटलहरूले प्रभावित पर्यटकका लागि छुटसहितको सेवा उपलब्ध गराइरहेका छन् ।

यसैबीच, राष्ट्रिय विकास तथा सुधार आयोगले ग्वाङ्डोङ र हाइनानमा आपतकालीन पुनःस्थापना कार्यका लागि देशको केन्द्रीय बजेटबाट २०० मिलियन युआन (करिब २८ मिलियन अमेरिकी डलर) उपलब्ध गराएको छ ।

# दार्जिलिङमा पहिरोमा २३ नेपालीभाषीको मृत्यु

**एजेन्सी ।**
निरन्तरको बर्षापछि आएको बाढी र पहिरोमा परी भारत पश्चिम बंगालको दार्जिलिङमा मृत्यु हुनेको संख्या २३ पुगेको छ । मृत्यु हुनेको संख्या अझै बढ्ने अनुमान गरिएको छ । मृत्यु हुनेमा अधिकांश नेपालीभाषी छन् ।

निरन्तर वर्षाका कारण पहाडी शहर र आसपासका क्षेत्रहरूमा एक दशककै सबैभन्दा ठूलो पहिरो गएको छ । पहिरोले घरहरू बगाएको छ, सडकहरूमा क्षति पुगेको छ । दार्जिलिङ, मिरिक, खरसाङ, कालेम्बुङलगायतका क्षेत्रहरु बर्षाले बढी प्रभावित भएका हुन् ।

भारतले नेपालको सिमावर्ती मानेभन्ज्याङमा मृत्यु भएका नेपाली नागरिकहरुको संख्यालाई पनि गणना गरेको छ । जस अनुसार १८ जना भारतीय र ५ जना नेपालीको निधन भएको जनाइएको छ ।



राष्ट्रिय विपद् प्रतिक्रिया बल (एनडीआरएफ)र पश्चिम बंगालको दार्जिलिङ र जलपाइगुडी जिल्ला प्रशासनद्वारा संकलित प्रतिवेदन अनुसार, धेरै स्थानहरू सरसाली, जसबीरगाउँ, मिरिक बस्ती, धार गाउँ (मेची), मिरिक ताल क्षेत्र र जलपाइगुडी जिल्लाको नागरकाटा क्षेत्रमा मृत्यु हुनेको संख्या धेरै छ ।

पहिरो र बर्षाका कराण सयौं पर्यटकहरू अलपत्र परेका छन् । भारी वर्षाले मिरिक र दुधिया बीचको फलामको पुलमा क्षति पुऱ्याएको छ ।

यता, दार्जिलिङमा गएको विनाशकारी पहिरोबाट विस्थापित ४० भन्दा बढी गाउँलेहरू मिरिकको सामुदायिक हलमा आयोजित राहत शिविरमा आश्रय लिएका छन् ।

प्रभावित गाउँलेहरूमध्ये एक राजन क्षेत्रीले परिवारका सदस्यहरू र आफ्नो घर गुमाएको बताए । आइतबार बाढी प्रभावित क्षेत्रहरुबाट १६० भन्दा बढी मानिसहरूलाई सुरक्षित स्थानमा सारिएको थियो । यता, दार्जिलिङको सीमावर्ती जिल्ला इलाममा सोही किसिमको बर्षापछिको पहिरोमा परी मृत्यु हुनेको संख्या ३७ नाघिसकेको छ । (एएनआइ)

# आपतकालीन अवस्थामा स्वास्थ्य सेवा प्रवाहमा चुनौती



**विराटनगर ।**
शुक्रबार, शनिबार र आइतबारको अविरल वर्षाले सबैभन्दा धेरै कोशी प्रदेशमा क्षति पु¥याएको छ । वर्षाले डुबान, विस्थापित र घाइतेको संख्या बढ्दै जाँदा स्वास्थ्य सेवा प्रवाहमा थप चुनौती बढेको छ । मोरङ जिल्लामा मात्रै २५–३० परिवार विस्थापित भएको कोशी प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक ज्ञानबहादुर बस्नेतले जानकारी दिए ।
उनका अनुसार प्रभावित क्षेत्रमा स्वास्थ्य जोखिम समेत उच्च बनेको छ । निर्देशक बस्नेत भने, ‘मौसम विज्ञान विभागको पूर्व जानकारी पाएपछि दशैँ सुरु हुनुअघि नै हामीले सबै अस्पताल र स्वास्थ्य संस्थालाई सतर्क रहन निर्देशन दिएका थियौँ ।
कर्मचारीलाई आलोपालो खटाइएको छ र आवश्यक औषधि तथा सामग्रीको अग्रीम तयारी गरिएको छ ।’
इलाममा सडक अवरुद्ध हुँदा उपचारमा कठिनाइ भएको उल्लेख गर्दै उनले भने, ‘इलामतर्फ सडकसम्पर्क अवरुद्ध छ । त्यसैले स्थानीय स्वास्थ्य संस्थाले प्राथमिक उपचार गरिरहेका छन् । तर जटिल उपचारलाई हेलिकप्टरमार्फत इटहरी ल्याएर उपचार गरिएको छ । आइतबार मात्रै प्रसूति पीडामा रहेकी एक महिलालाई हेलिकप्टरमार्फत ल्याएर सुरक्षित रूपमा प्रसूति गराइएको छ ।’
निर्देशक बस्नेतका अनुसार आपतकालीन अवस्थामा स्वास्थ्य सेवा अवरुद्ध नहोस् भनेर प्रदेशभरका द्रुत प्रतिक्रिया टोली सक्रिय अवस्थामा छन् । सङ्घीय तथा प्रदेशस्तरीय स्वास्थ्य क्लस्टरसँग निरन्तर समन्वय भइरहेको छ ।
उनले भने, ‘सोमबार बिहान ८ बजे प्रदेशस्तरीय बैठक बोलाइएको छ । त्यसमा १४ वटै जिल्ला स्वास्थ्य कार्यालय प्रमुख, अस्पतालका प्रतिनिधि, आपूर्ति व्यवस्थापन केन्द्र, जनस्वास्थ्य प्रयोगशालाका प्रमुखसहित बृहत छलफल हुनेछ । बैठकमा मन्त्री र सचिवसमेत सहभागी हुनुहुनेछ ।’
स्वास्थ्य सेवामा अवरोध नहोस् भनेर स्वास्थ्यकर्मीलाई प्रभावित क्षेत्रमा खटाइए पनि सडक अवरुद्ध हुँदा उपचारमा चुनौती कायमै रहेको उनले स्पष्ट पारे । उनले भने,‘बिरामीलाई सदरमुकाम ल्याउन र मृतकको शव परीक्षण गर्न गाह्रो भइरहेको छ । तर कर्मचारीलाई सम्भव भएसम्म खटाइएको छ ।’
प्रदेश विपद् व्यवस्थापन समितिसगको निरन्तर समन्वयमा औषधि आपूर्ति, शव व्यवस्थापन, राहत वितरणदेखि रोग रोकथामसम्मका विषय प्राथमिकताका साथ छलफल भइरहेको निर्देशक बस्नेतले जानकारी दिए ।
यसैबीच, कोशी अस्पतालका फिजिसियन डा रोशन खड्काले बाढीपछि सङ्क्रामक रोग फैलिने जोखिम हुने भएकाले विशेष सतर्कता आवश्यक रहेको बताए । उनका अनुसार झाडापखाला, डायरिया, हैजा जस्ता रोग फैलिनसक्ने सम्भावना बढी छ । डा खड्काले प्रभावित परिवारलगायत सबैलाई उमालेको पानी पिउन, सरसफाइमा ध्यान दिन र सुरक्षित खाना मात्र सेवन गर्न आग्रह गरेका छन ।
यो समयमा पानीजन्य रोग मात्र होइन, लामखुट्टे र भुसुनाबाट सरुवा हुने रोग देखिनसक्ने खतरा पनि उत्तिकै उच्च छ, डा खड्का भन्छन, ‘हिजोदेखि नै पानीमा भिजेका कारण रुघाखोकी र ज्वरोका बिरामी अस्पताल आउन थालेका छन् । त्यसैले आवश्यक कामबाहेक घरबाहिर ननिस्कनु बुद्धिमानी हुन्छ, ।’स्वास्थ्य समस्या देखिए आफैँले औषधि सेवन नगरी तत्काल नजिकैको स्वास्थ्य संस्थामा जान आग्रह गर्दै उनले भने, ‘आफुखुसी औषधि सेवनले जटिलता बढाउन सक्छ, त्यसैले स्वास्थ्यमा समस्या देखिए स्वास्थ्य सेवा लिन ढिला गर्नुहुदैन ।’ रासस

# पूर्वविद्यार्थीद्वारा विद्यालयलाई शैक्षिक उपकरण सहयोग

**म्याग्दी ।**
मालिका गाउँपालिका–५ मगरदाङ्गमा रहेको गौबोमबस्त माविलाई विदेशमा बसोबास गर्ने पूर्वविद्यार्थीहरुले आठ लाख ५० हजार रुपैयाँ मूल्य बराबरको शैक्षिक उपकरण सहयोग गरेका छन् ।
प्रवासी दङ्गाले मञ्चले पितृ स्मृति सेवा कोषमार्फत आइतबार १३ थान कम्प्युटर, चार थान ब्याट्री, दुई थान सिसिटिभी क्यामेरा र दुई थान नेटवर्किङ स्वीचलगायत उपकरण सहयोग गरेको जनाइएको छ ।
रोजगारी, पेसा व्यवसाय र अध्ययनको सिलसिलामा देशका विभिन्न सहर तथा विदेशमा पुगेका पूर्वविद्यार्थी तथा मगरदाङ्ग जन्मथलो भएकाहरु आवद्ध मञ्चले कोष स्थापना गरेको हो ।
मञ्चका अध्यक्ष घनबहादुर फगामी, सचिव तथा म्याग्दी प्रवासी नेपाली मञ्च (मोना)का कोषाध्यक्ष नरेन्द्र फगामी, पूर्ववडाध्यक्ष पिपला बुढालगायतले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तुलप्रसाद बुढाथोकी र प्रअ अमृत बृढाथोकीलाई सामग्री हस्तान्तरण गरेका थिए ।




कक्षा १० सम्म पठनपाठन हुने विद्यालयमा २४ वटा कम्प्युटर पुगेका छन् । थप १० वटा कम्प्युटर थप गरेर कम्प्युटर कक्षा सञ्चालनको तयारी गरिएको विद्यालयले जनाएको छ । विद्यालयले गरेको प्रस्तावअनुसार विभिन्न ठाउँमा रहेका पूर्वविद्यार्थी तथा प्रवासी मगरदाङबासीबाट नगद सङ्कलन गरेर उपकरण खरिद गरी उपलब्ध गराइएको मञ्चका सचिव फगामीले बताए ।रासस

# एक सय १६ कैदी तथा थुनुवा सम्पर्कमा आएनन्

**कञ्चनपुर।**
जेन्जी प्रदर्शनका क्रममा कञ्चनपुर कारागारबाट फरार रहेका कैदी तथा थुनुवालाई सोमवार साँझसम्म फिर्ता समय सीमा निर्धारण गरिएको छ।
फरार कैदी बन्दी खोजि तथा पक्राउ कार्यदलको आइबार बसेको बैठकले कारागारबाट फरार रहेका पुरुष, महिला कैदी तथा थुनुवालाई सोमवार साँझ पाँच बजेसम्म कारागारमा फर्किनका लागि सयम सीमा दिइएको हो । यस अघिसमेत जिल्ला प्रशासन कार्यालय कञ्चनपुर र कारागार कार्यालयबाट फरार रहेका कैदी तथा थुनुवालाई सम्पर्कमा आउनका लागि सूचना प्रकासित गरिएको थियो।
‘सूचना प्रकासित भएपछि केही कैदी तथा थुनुवाहरु सम्पर्कमा आए’ कारागार कार्यालय कञ्चनपुरका निमित्त कारागार प्रशासक रामदत्त जोशीले भने, ‘अझै केही कैदी तथा थुनुवा सम्पर्कमा आएका छैनन् ।’ उनका अनुसार निर्धारित समय सीमाभित्र नफर्कने कैदी तथा थुनुवालाई कारागार ऐन २०७९ र अन्य प्रचलित कानुन अनुसार कारबाही हुने छ।
फरार कैदी तथा थुनुवालाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्तिलाई कसुरदार ठानी प्रचलित कानुन अनुसार कारबाही हुने उनले बताए।
फरार रहेका कैदी तथा थुनुवालाई कारागारमा बुझाइ दिनका लागि सम्बन्धित कैदीका परिवारजन, समुदाय, नागरिक संस्था तथा सरोकारवालासँग कारागार कार्यालयले अनुरोधसमेत गरेको छ । कारागारका निमित्त प्रशासक जोशीका अनुसार गत भदौ २४ गते चार सय ७८ जना कैदी तथा फरार भएका थिए। ती मध्ये अझै एक सय १६ जना कैदी तथा थुनुवा फरार रहेका छन्। फरार कैदी तथा थुनुवा केही आफैँ कारागारमा फर्किका हुन भने केहीलाई प्रहरीले पक्राउ गरी कारागारमा बुझाउने कार्य गरिरहेको छ।रासस

# बाढीपहिरोका कारण पाँचथरमा दुईको मृत्यु, तीन घाइते

**पाँचथर।**
बाढीपहिरोका कारण पाँचथरमा दुई जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन्।
जिल्ला प्रहरी कार्यालय पाँचथरका अनुसार तुम्बेवा गाउँपालिका–४ ओलनेकी ७९ वर्षीया कान्छीमाया शेर्माको पहिरोमा परेर मृत्यु भएको छ।
शेर्माको घरमा पहिरो झर्दा पुरिएर मृत्यु भएको हो । फाल्गुनन्द गाउँपालिका–३ त्रिवेणी दोभानमा निबु खोलाले बगाउँदा सोही स्थानका थलीबहादुर नेम्बाङका छोरा १७ वर्षीय मिसेक नेम्बाङको मृत्यु भएको छ।
जिल्लाको मिक्लाजुङ गाउँपालिका–३ सोलुम्बाकी ३७ वर्षीया मनमाया कार्की घरमाथिबाट झरेको पहिरोले लागेर घाइते भएका छन । फाल्गुनन्द गाउँपालिका–१ आलुवारीकी ७२ वर्षीया सुकमाया आङदेम्बे पहिरोले भत्काएको घरको भित्तोले लागेर घाइते भएका छन भने फाल्गुनन्द–५ जौबारीका धनबहादुर चेम्जोङ पहिरोमा परी घाइते भएका जिल्ला प्रहरी कार्यालय पाँचथरका सूचना अधिकारी प्रहरी निरीक्षक रुपेश तामाङले जानकारी दिए।
वर्षाका कारण अधिकांश सडकहरु क्षतिग्रस्त हुँदा घाइतेहरु सुविधासम्पन्न अस्पताल जान पाएका छैनन । सरकारी निकायहरुले अवरुद्ध मेची राजमार्ग, तमोर कोरिडोर, पुष्पलाल (मध्यपहाडी) लोकमार्ग, फिदिम–फालोट लगायत सडक सञ्चालन गर्न मर्मत तथा सफाइका काम थालेका छन्।रासस

# पहिरोले ग्रामीण सडक अवरुद्ध हुँदा समस्या

**भोजपुर।**
जिल्लामा अवरुद्ध यातायात सेवा सञ्चालनको तयारी थालिएको छ । शुक्रबार, शनिबार र आइतबारको अविरल वर्षात्का कारण बाढीपहिरोले सडक अवरोध भएका थिए।
भोजपुर –लेगुवा सडक र देउराली–चखेवा सडकका केही स्थानका पहिरो हटाउनेक्रम जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।
वर्षासँगै पहिरो खस्ने, सडक भासिने र दुर्घटनाको जोखिम देखिएकाले यात्रुहरूको सुरक्षालाई प्राथमिकता दिँदै आत्यश्यक बाहेकका सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ।
यातायात अवरुद्ध हुँदा लामो दूरीमा यात्रा गर्ने यात्रुहरू अलपत्र परेका छन्, भने आवश्यक सामान आपूर्ति र जनजीवनमासमेत असर परेको छ । विशेषगरी जिल्ला बाहिर जाने, दसैँ मान्न हिँडेका यात्रु, कामकाजका सिलसिलामा यात्रा गर्ने सर्वसाधारण बढी प्रभावित भएका छन्।
यातायात व्यवसायी समितिका प्रतिनिधिले सडक अवस्था सामान्य हुनासाथ पुनः सञ्चालन गर्ने तयारी भइरहेको बताएका छन् । हाल वर्षाका कारण जिल्लाभित्रका कतिपय ग्रामीण सडक पनि अवरुद्ध भएपछि स्थानीय बासिन्दा थप समस्यामा परेको जनाइएको छ।
यसैबीच वर्षा र हावाहुरीका कारण धानबालीमा क्षति पुगेको छ। बाला लाग्ने बेलाको धान लडेपछि किसान चिन्तामा परेका छन्।
जिल्लाको अधिकांश भेगमा असोज महिनासम्म धान बाली परिपक्व अवस्थामा पुगेको हुन्छ। तर यसपटक वर्षा र हावाहुरीका कारण धानबाली क्षति पुगेको किसानको भनाइ छ। जिल्लाको बोखिम, पोखरे, दावालगायत धेरै ठाउँमा धानबालीमा क्षति पुगेको छ । जिल्लाका सबै स्थानीय तहमा धानको खेती हुने गरेको छ।
वर्षातसँगै आएको हावाले धानबालीमा क्षति पु¥याएको भोजपुर नगरपालिका–५ बोखिमका स्थानीय किसान रुपनारायण फुयालले बताए । बोखिम क्षेत्रका धेरै किसानको धानबालीमा वर्षातले क्षति पु¥याएको उनको भनाइ छ । ‘भारी वर्षातका कारण धानबालीमा क्षति पुगेको छ’उनले भने,‘पसाउँदै गरेको धान खेतमा ढलेर सखाप भएको अवस्था छ । अझै यस्तै अवस्था रहेमा धानबालीमा ठूलो क्षति हुने अवस्था छ।’

# पहिराले कारागार सहित अस्पताल भवनको पर्खाल उच्च जोखिममा

**संखुवावासभा।**
शुक्रबार, शनिबार र आइतबारको अविरल वर्षात्पछि को बाढी पहिरोले विभिन्न स्थानमा क्षति पु¥याएको छ । पहिराले खाँदबारीस्थित कारागारको भवन उच्च जोखिममा परेको छ।
शनिबार दिउँसो आएको अविरल वर्षाले जिल्ला कारागार खाँदबारीको ३० मिटरको बाहिरी पर्खाल भत्किएको जेलर राजन घिमिरेले जानकारी दिए । पहिरोले कारागारको तल्लो भागको बाहिरी पर्खाल भत्किएर तलदेखि पहिरोले जोखिम बनाएको उनले बताए।
पहिरो रोकथामका लागि आइतबारदेखि मर्मत थालिए पनि वर्षाका कारण समस्या भएको उनको भनाइ छ । पहिरोका कारण सदरमुकाम खाँदबारीमा रहेको नेपाली सेनाको इन्द्रदल गुल्मसमेत जोमिममा परेको जनाइएको छ।



पहिरोका कारण चैनपुर नगरपालिका–६ मा रहेको १५ शय्याको नगर अस्पताल पर्खाल भत्किएर जोखिममा परेको जिल्ला प्रहरी कार्यालय सङ्खुवासभाका निमित्त प्रहरी प्रमुख प्रहरी निरीक्षक रामकुमार लामिछानेले जानकारी दिए।
त्यस्तैगरी चैनपुर –३ सिद्धपोखरीमा एक घर पहिरोको जोखिममा परेको छ । आइतबार दिउँसो आएको वर्षाका कारण ढुङ्गामाटोले बनेको तेञ्जि शेर्पाको घर पहिरोको उच्च जोखिममा परेको उनले बताए। ती परिवारलाई अन्यत्र सारिएको छ।
पहिरोका कारण सदरमुकाम खाँदबारीबाट भोटखोला गाउँपालिका जाने उत्तर–दक्षिण सडकखण्ड एक महिनादेखि अवरुद्ध छ । उत्तर–दक्षिण सडक खण्डको मकालु गाउँपालिका–३ मा पहिरो खसेपछि सडक अवरुद्ध भएको हो । सडक अवरुद्ध भएपछि भोटखोला गाउँपालिकासँगसम्बन्ध सम्पर्क टुटेको छ।
त्यस्तै, पहिरोका कारण उत्तर दक्षिण कोशी सडक खण्डका केही स्थानमा अझै पहिरोले अवरोध भएका कारण जिल्ला बाहिर जाने लामो दुरीका यातायात सञ्चालनमा रोक लगाइएको छ।
माथिल्लो क्षेत्रमा लगातर ठूलो वर्षा भइरहेको र अरुण नदीका बेसिन खतराको तहपार गरेको अवस्था रहेको र अझै बढ्ने खतरा भएका कारण जिल्ला बाहिर तथा जिल्लाभित्रका ग्रामीण सडक खण्डमा यातायात सञ्चालनमा रोकलगाइएको निमित्त प्रहरी प्रमुख लामिछानले जानकारी दिए।रासस

# ‘नारायणगढ–मुग्लिन सडक र पृथ्वी राजमार्गमा अवरोध छैन’

**चितवन।**
नारायणगढ–मुग्लिन सडक र पृथ्वी राजमार्गमा सोमवार बिहान ६ बजेबाट यातायात सेवा पूर्ववत् सञ्चालनमा आएका छन् । गत शुक्रबार र शनिबार आएको अविरल वर्षाका कारण ती सडकमा पहिरोको उच्च जोखिम हुनसक्ने जनाउँदै आइतबार राति ९ बजेपछि सार्वजनिक तथा निजी यातायातका साधन आवतजावतमा बन्द गरिएका थिए।
जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक गोविन्द पुरीका अनुसार यातायात सञ्चालनमा आएसँगै रोकिएका सवारी साधन गन्तव्य तर्फ लागेका छन् । जिल्लाका १४ स्थानमा विश्राम कक्ष (होल्डिङ् सेन्टर)मा रोकिएका लामो तथा छोटो दुरीका सवारी साधन गन्तव्य तर्फ जान थालेका हुन्।रासस

# वर्षा रोकिएसँगै सप्तकोशी नदीको वहाव घट्दो

**सुनसरी।**
अविरल वर्षा राकिएसँगै सप्तकोशी नदीको वहाव घटेको छ । सशस्त्र प्रहरी उपरीक्षक निर्मल थापाका अनुसार कोसी ब्यारेजमा सोमवार बिहान ६ बजे गरिएको मापनअनुसार ४ लाख ३५ हजार ३०५ क्युसेकप्रति सेकेण्ड पानीको बहाव रहेको छ। गएराति पानीको वहाव पाँच लाख ३३ हजार ५४० क्युसेकप्रति सकेण्ड थियो । रातिदेखि नै वर्षाकम भएसँगै सो नदीमा पानीको वहाव घट्दो क्रममा रहेको उनले बताए। अहिले कोशी ब्यारेजको ५६ गेट (ढोका) खोलिएका उनले बताए । आइतबार विहान नदीमा पानीको वहाव उच्च भएपछि खतराको सङ्केतस्वरुप रातो बत्ती बालिएको थियो भने रातो भण्डासमेत फहराइएको थियो ।रासस

# बाढीबाट ४१२ परिवार विस्थापित

**रमेश तिमलसिना**

**रौतहट ।**

शनिबार र आइतबार आएको अबिरल वर्षाले जिल्लामा ठूलो क्षति पुर्याएको छ । सदरमुकाम गौर हालसम्म जलमग्न छ । पूर्वतर्फ रहेको बागमती नदी र पश्चिमतर्फ रहेको लालबकैया नदीको बाढी पसेपछि गौर जलमग्न भएको हो ।

बाढीबाट हालसम्म ४ सय १२ परिवार विस्थापित भएका जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नेत्रमणी गिरीले जानकारी दिए । सबैभन्दा बढी दुर्गाभगवती गाउँपालिकामा २ सय ३६ परिवार विस्थापित भएका छन् ।

यस क्षेत्रमा एक हजारभन्दा बढी घरभित्र बाढी पसेको थियो । झाझखोला र बागमती नदीको बीचमा रहेको सो गाउँपालिकाको वडा नं ४ पचरुखी र वडा नं ५ बर्डहवा बढी प्रभावित भएका छन् । बाढीले धान बाली नष्ट गरेको छ ।

गौरसँगै जोडिएको राजदेवी नगरपालिकामा बाढीबाट ८९ परिवार विस्थापित भएका प्रहरी उपरीक्षक गिरीले बताए । सबैभन्दा बढी वडा नं ८ र ९ प्रभाबित बनेका छन् । बाढीले गौर, राजपुर, गुजरा, कटहरिया, इशनाथ, माधव नारायण, गढीमाई, वृन्दावन, मौलापुर, फतुवा विजयपुर नगरपालिका तथा यमुनामाई गाउँपालिमा बढी क्षति पुगेको छ ।

## सडक अवरुद्ध

बाढीले रौतहटभित्रका ठूला सडकसमेत अवरुद्ध भएका छन् । गौर भन्सारदेखि बिपीचोकसम्म सडकमा पानी जमेको छ । बाढीले मौलापुर, सोनारनिया हुँदै हरनहिया–कलैया जोड्ने मुख्य सडक खण्ड बगाएको छ । भारी वर्षासँगै आएको बाढीले कालोपत्र सडकको ठूलो भाग बगाएपछि सो मार्गमा सवारी आवागमन पूर्णरूपमा बन्द भएको प्रहरी उपरीक्षक गिरीले जानकारी दिए ।

## सरकारी कार्यालय डुबानमा

बाढीकै कारण गौरमा रहेका सरकारी कार्यालय डुबानमा परेका छन् । बागमती नदी र बकैया नदीको विभिन्न स्थानबाट बाढी पसेपछि उक्त क्षेत्र डुबानमा परेको हो । प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काका अनुसार मङ्गलबारदेखि कार्यालय खोल्न निर्देशन प्राप्त भएपनि सेवाग्राही आउने अवस्था नरहेको बताए । बाढीले जिल्ला प्रशासन, गौर नगरपालिका, मालपोत, नापी, पूर्वाधार, जिल्ला अदालत, सरकारी वकिलको कार्यालय, गौर भन्सार, जिल्ला निर्वाचन, जिल्ला हुलाक कार्यालयलगायत कार्यालय डुबानमा परेका छन् ।

यसैगरी सशस्त्र प्रहरी बल नेपाल ११ नं हेड क्वाटर हजमनियाको कार्यालय पनि पूर्ण रूपमा डुबानमा परेको सशस्त्र प्रहरी उपरीक्षक रामहरी अधिकारीले जानकारी दिए । लक्ष्मीपुर बेलबिछुअवा, गौर, औरैया, सरमजुअवाको बिओपीका कार्यालयसमेत डुबानमा परेका छन् । रौतहटमा नदीमा डुबेर एक जना तथा चट्याङमा परी तीन जनाले ज्यान गुमाएका छन् ।

## महेशपुर गाउँ डुबानमा

भारी वर्षाका कारण रौतहटको महेशपुर गाउँ डुबानमा परेको छ । वर्षाका कारण गाउँ जलमग्न छ । रौतहटको राजपुर नगरपालिका–२ मा रहेको महेशपुर गाउँका करिब ५० वटा घरमा पानी परेको वडाध्यक्ष सोनालाल पण्डित कुम्हरले जानकारी दिए । भारी वर्षाका कारण वडाका तीन सयभन्दा बढी घरमा क्षति पुगेको उनको भनाइ छ ।

पानीले धानबालीमा पनि क्षति पुगेको उनले बताए । विभागका अनुसार सदरमुकाम गौरमा पनि ३१५.० मिलिमिटर वर्षा भएको छ । सदरमुकाम पनि डुबानमा परेको छ । रौतहटकै गरुडा केन्द्रमा पनि ३०४ मिलिलिटर वर्षा भएको उनको भनाइ छ । उनका अनुसार गरुडाको गेडहीगुठीलगायतका गाउँ बाढीले जलमग्न छन् । अविरल पानी परेसँगै बागमती, लालबकैया, झाझसहितका नदीमा आएको बाढीका कारण आसपासका अधिकांश भूभाग डुबानमा परेका छन् । झाझ नदीमा आएको बाढीका कारण गौर गङ्गापिपरा सडकखण्ड पूर्ण रुपमा अवरुद्ध भएको छ । बाढीबाट दुर्गा भगवती गाउँपालिकाको पाँच वटै वडाका २५ प्रतिशत घरमा क्षति पुगेको गाउँपालिकाका अध्यक्ष शम्भु सिंहले बताए । दुर्गा गाउँपालिकामा पनि बाढीका कारण क्षति पुगेको उनको भनाइ छ ।

राजपुर नगरपालिका–३ स्थित हुलाकी राजमार्गमा लालबकैया नदीमा आएको बाढीका कारण उक्त क्षेत्रमा पर्ने सडकमा यातायात अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक राजु कार्कीले जानकारी दिए ।

गुजरा नगरपालिका–८ स्थित लमहा खोलामा पानीको सतह बढ्दा बालचनपुर जङ्गलसैया भित्री सडक बन्द रहेको नगर प्रमुख शन्तलाल चौधरीले बताए ।

वडा नं ९ अमतवास्थित प्रतीक टोलमा अविरल वर्षाका कारण १० वटा घरमा पानी पसेको छ । वृन्दावन नगरपालिका–१ स्थित बागमती नदीको बगरमा बसोबास गर्दै आएका १२८ परिवारलाई नेपाल प्रहरी र सशस्त्र प्रहरीले स्थानान्तरण गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक कार्कीले जानकारी दिए । रासस


डुबानमा भूमि सुधार कार्यालयः बाढीले डुबानमा परेको रौतहटको गौरमा रहेको भूमि सुधार कार्यालय । तस्बिरः रासस


डुबानमा जिल्ला अदालतः बाढीले डुबानमा परेको गौरमा रहेको रौतहट जिल्ला अदालत । तस्बिरः रासस


गन्तव्यतर्फ लाग्दै यात्रुः बाढीका कारण डुबानमा परेपछि रौतहटको गौरबाट गन्तव्यतिर जाँदै यात्रु । तस्बिरः रासस


डुबानमा भन्सार कार्यालयः बाढीले डुबानमा परेको रौतहटको गौरस्थित भन्सार कार्यालयको अवस्था । तस्बिरः रासस

# ‘आन्दोलनमा दमन गर्नेहरुमाथि कहिले कारबाही हुन्छ ?’

**काठमाडौँ ।**

जेन्जी आन्दोलनका घाइतेहरुलाई समन्वय गरिरहेका डाक्टर जगत बिकले जेन्जी आन्दोलनमा घाइते भएका देशभरिका परिवार, बलिदानी दिएका परिवारका सदस्यहरुले समेत आफूलाई फोन सम्पर्क गरेको र आफूहरुको लागि खोई सरकार भनेर प्रश्न गर्ने गरेको टिप्पणी गरेका छन् ।

उनले सोमबार एक अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले अहिलेको अन्तरिम सरकार पनि विगतको सरकारभन्दा कुनै फरक नभएको र आफूहरुलाई नहेरेको भनेर जेन्जी आन्दोलनका घाईतेका परिवारले गुनासो गरेको बताए ।

उनले भने, ‘सरकारले हामीलाई अहिलेसम्म फोन पनि गरेको छैन, अहिलेसम्म जेन्जी साथीहरुले पनि फोन गर्नुभएको छैन भन्नुहुन्छ, अनि मलाई तपाईं को हो भनेर भन्नुहुन्छ, मैले जवाफमा म एकदमै नर्मल मान्छे हुँ भनेर भनेको छु । म सरकारी मान्छे होईन, म सहजकर्ताको हिसाबले काम गरिरहेको छु भन्नुभएको छ ।’

उनले सुनाए, ‘कतिपय यस्तो हुनुहुन्छ कि घरमा एउटा कमाउने छोरा गुमाउनुभएको छ, जसले कमाउनुभएको थियो, घरको खर्च टर्दथ्यो, तर अहिले त्यही छोरा अस्पतालको बेडमा छ, कुनै सहयोग वा राहत नपाएको अवस्था छ, उहाँहरुले फोन गर्नुभएकोले मैले पत्रकार भेटघाट गराएको हुँ, उहाँहरुको अवस्था एकदमै दयनीय छ । जसको रगतमा यो सरकार बनेको छ, उहाँहरुको बारेमा यो सरकारले एकचोटी सम्बोधन गर्नुपर्दैन ?’

जेन्जी आन्दोलनका घाइते सुयोग राईले आफूलाई आन्दोलनको क्रममा गोली लागेको सुनाए ।

उनले आफ्नो निःशुल्क उपचार भएको सुनाए । घरपरिवारले समेत अहिले धेरै चिन्ता लिएको उनको भनाई छ ।

आफू विदेश जान ठिक्क परेर बसेको भएपनि देशमा व्याप्त भ्रष्टाचार हटाउनको लागि आन्दोलनमा गएको उनले सुनाए ।

यस्तै, अर्का वक्ता प्रदीप भट्टराईले राज्यले निकास पाओस भनेर जेन–जी आन्दोलन भएको स्मरण गराए ।

नेपालमा युवाहरुलाई दबाइएको र भिजन नभएकाहरुले देश कब्जा गरेकोले देश विकास नभएको उनको दाबी छ ।

जेन–जी आन्दोलनका घाइते सञ्जय पौडेल (सर्लाही) ले संसद् भवनअघि चार वटा गोली लागेर घाइते भएको बताए ।

सरकारले दिँदै आएको घाइते परिचयपत्र लिनको लागि पनि धेरै कष्ट भोग्नु परेको पनि उनले सुनाए । उनले आफूहरुको जिन्दगी बोनसको जिन्दगी भएको बताए ।

अर्का घाइते समिर खत्री (दोलखा) ले आफू जेन–जी आन्दोलनको क्रममा घाइते भएको र आफूहरुको माग पूरा हुनुपर्ने बताए । आफूहरु आन्दोलनमा मर्न मात्रै नगएको भन्दै आफूहरुले अघि सारेका माग र मुद्दा अनि उद्देश्यपनि पूरा हुनुपर्नेमा जोड दिए ।

उनले भने, ‘हामी यो अन्तरिम सरकार बनाउनको लागि मात्रै आन्दोलनमा गएका थिएनौं । हामी त भ्रष्टाचार जरैदेखि उन्मुलन होस भनेर गएको हो ।’




# चुनावमा जाने विषयमा माओवादीमा आमसहमति




**काठमाडौँ ।**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले प्राकृतिक विपद्बाट पूर्वी नेपालमा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै प्रभावित नागरिकको उचित व्यवस्थापन गर्न आग्रह गरेको छ ।

पार्टी मुख्यालय पेरिसडाँडामा सोमवार बसेको महाधिवेशन आयोजक समितिको सचिवालय बैठकले विपद्पछिको पुनर्निर्माणमा एकजुट भएर लाग्न सबैमा आह्वान गरेको हो । बैठकले विपद् प्रतिकार्यमा खटिइएका पार्टीका नेता तथा कार्यकर्तालाई धन्यवाद दिएको प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए ।

पछिल्लो राजनीतिक परिस्थितिका बारेमा सामान्य कुराकानी भएको उल्लेख गर्दै उनले दुई दिनपछि बस्ने सचिवालय बैठकमा यसबारेमा विस्तृत छलफल हुने बताए । बैठकमा पार्टी एकता, समाजवादी मोर्चा र संयुक्त मोर्चा विस्तारलगायत विषयमा भइरहेको प्रगतिबारे अध्यक्ष दाहालले ‘ब्रिफिङ’ गरेका थिए ।

बैठकमा महाधिवेशन आयोजक समिति संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ले आसन्न प्रतिनिधिसभा निर्वाचनलाई सफल पार्न विघटित संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलसँग छलफल भइरहेको र घोषित मितिमै निर्वाचन सम्पन्न गर्न सकारात्मक वातावरण निर्माण गर्न नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको जानकारी गराएका थिए ।

‘चुनावमा सहभागिता सम्बन्धमा सबै पार्टीभित्र सकारात्मक छलफल भइरहेको छ, अन्य पार्टीको पनि बैठकहरू बस्दैछन्, चुनावमा जानेमा आमसहमति जस्तै बन्दै छ, माओवादीले त्यसमा नै जोड गरिरहेको छ,’ संयोजक दाहालको भनाइ उद्धृत गर्दै प्रवक्ता सापकोटाले भने, ‘निर्वाचनसम्पन्न गरेर मात्रै सङ्घीय लोकतान्त्रिक गणतन्त्र, संविधानलगायत राजनीतिक उपलब्धिलाई जोगाउन सकिन्छ, त्यसकारण चुनावलाई माओवादीले उच्च प्राथमिकतामा राखेको छ ।’

बैठकमा महाधिवशेनको कार्यविधि बनाउने, आयोजक समिति निश्चित गर्ने र विचार, सङ्गठन तथा राजनीतिक कार्यदिशाका बारेमा सामान्य छलफल भएको जानकारी दिए । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन